मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily
www.emadheshdristi.com

एक महिनाभित्र भिजिट भिषामा छानबिन समिति बन्छः प्रचण्ड

समाचार पृष्ठ ५ मा



● वर्ष ३ ● अंक २१२ ● २०८२ साल असार ०१ गते आइतबार ● Sunday 15, June 2025 ● सूर्योदयः बिहान ५:११ बजे ● सूर्यास्तः साँझ ७:०१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेश प्रदेश सरकार आज बजेट ल्याउँदै

## कृषि प्राथमिकतामा






**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२–८२ का लागि राजस्व र व्यायको वार्षिक अनुमान अर्थात बजेट पेश गर्ने तयारी गरेको छ । संवैधानिक प्रावधानअनुसार असार १ गते प्रदेश सरकारले बजेट ल्याउनुपर्ने अवस्था रहेकाले सरकारले बजेटको आवश्यक तयारी गरेको हो । प्रदेश अर्थमन्त्री सुनिलकुमार यादवले आइतबार दिउँसो ४ बजे प्रदेश सभामा बजेट प्रस्तुत गर्ने कार्य सूची छ ।

बजेट सत्र महत्वपूर्ण हुने भएकाले सम्पूर्ण प्रदेशसभा सदस्यलाई समयमै उपस्थित हुन अनुरोध गरिएको प्रदेश सभा सचिव बासुप्रसाद कोइरालाले जानकारी दिए । अर्थ मन्त्रालय स्रोतले गतवर्षकै हाराहारीमा बजेट ल्याउने तयारी गरेको जनाएको छ । तर केही आकारमा विगत भन्दा बढ्नसक्ने समेत अनुमान गरेका छन् । यसपटक प्रदेश सरकारले केही गौरवको आयोजनासमेत राख्ने तयारी गरेको जनाइएको छ ।

तर यसपटकको बजेटमा नीति तथा कार्यक्रममै टेकेर ल्याउने तयारी रहेको अर्थ मन्त्रालयले जनाएको छ । नीति तथा कार्यक्रममा सरकारले कृषि, स्वास्थ्य र शिक्षामा जोड दिएको छ । विगतको जस्तो अवण्डा रकमलाई आउने बजेटमा निरुत्साहित गरिएको छ । मधेशको कृषि उत्पादनलाई बढाउन देशलाई खुवाउन पुग्नेगरी कृषि क्षेत्रलाई बढाउने तयारी बजेटमा योजना राखिएको छ । शैक्षिक पूर्वाधार निर्माण, विज्ञान प्रविधि र नवप्रवर्तनमा जोड दिइने बजेटमा रहेको छ । त्यसैगरी रंगशाला निर्माणदेखि खेलकुदको विकाससम्बन्धी कार्यक्रमसमेत बजेटमा समेटिएको अर्थ मन्त्रालयले जनाएको छ ।

मधेश प्रदेशमा सरकारको नेतृत्व जनमत पार्टीले गरिरहेको भए पनि मुख्यरुपमा नेपाली कांग्रेस, नेकपा एमालेजस्ता ठूला दलसमेत सहभागी रहेकाले सबैको सामुहिकता झल्कने गरी बजेटमा योजनालाई स्थान दिइएको अर्थ मन्त्रालयले जनाएको छ ।

मधेश सरकारले चालु आर्थिक वर्ष २०८१–२०८२ मा ४३ अर्ब ८९ करोड ७० लाख रुपैयाँको बजेट ल्याएको थियो । प्रदेश लेखा नियन्त्रक कार्यालय जनकपुरको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०–८१ को जेठ महिनाको अन्तिम सातासम्ममा कुल ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रूपैयाँको बजेटमध्ये आठ अर्ब ८९ करोड ५२ लाख रूपैयाँ मात्र खर्च भएको छ । यो कुल बजेटको २०.२६ प्रतिशत खर्च हो । खर्चमध्ये पुँजीगततर्फको खर्च अत्यन्तै न्यून देखिएको छ ।

सरकारको विकास निर्माणमा जाने पुँजीगत शीर्षकमा जम्मा तीन अर्ब ८२ करोड ६६ लाख ३८ हजार ४ सय ८९ रूपैयाँ मात्रै खर्च भएको छ । यो कुल पुँजीगत बजेटको १३ प्रतिशत मात्र हो ।

त्यस्तै, चालु खर्चतर्फ पाँच अर्ब ७२ करोड ८८ लाख छ हजार २ सय ७८ रूपैयाँ खर्च भएको देखिन्छ ।

चालु शीर्षकमा विनियोजित बजेटको ३२ प्रतिशत हो । अब बाँकी एक महिनाभित्र बाँकी रहेको ८० प्रतिशत बजेट खर्च गर्न सकिने सम्भावना न्यून देखिन्छ । यसले आगामी वर्षको बजेट निर्माणमा पनि गम्भीर प्रभाव पार्ने संकेत देखिएको छ ।

### सात वर्षमा मधेश प्रदेशको बजेटको आकार

आर्थिक वर्ष २०८१–८२ का लागि चालु तर्फ १५ अर्ब ९४ करोड रुपैयाँ र पुँजीगत तर्फ २७ अर्ब ८९ करोड रुपैयाँ गरी जम्मा ४३ अर्ब ८९ करोड रुपैयाँको बजेट प्रस्तुत भएको थियो ।

आर्थिक वर्ष २०८१–८२ को कुल बजेटको आकार आर्थिक वर्ष २०८०–८१ को भन्दा ०.५० प्रतिशतले कम रहेको थियो । यसैगरी आर्थिक वर्ष २०८०–८१ का लागि चालु तर्फ १८ अर्ब ५४ करोड रुपैयाँ र पुँजीगत तर्फ २५ अर्ब ५७ करोड रुपैयाँ गरी जम्मा ४४ अर्ब ११ करोड रुपैयाँको बजेट प्रस्तुत भएको थियो । आर्थिक वर्ष २०७९–८० का लागि चालुतर्फ २० अर्ब ९० करोड रुपैयाँ र पुँजीगत तर्फ २५ अर्ब ९७ करोड रुपैयाँ गरी जम्मा ४६ अर्ब ८८ करोड रुपैयाँको बजेट तर्जुमा गरी प्रस्तुत भएको थियो । आर्थिक वर्ष २०७८–७९ का लागि चालुतर्फ १५ अर्ब ३१ करोड रुपैयाँ र पुँजीगत तर्फ १९ अर्ब ५६ करोड रुपैयाँ गरी जम्मा ३४ अर्ब ८८ करोड रुपैयाँ, आर्थिक वर्ष २०७७–७८ का लागि चालुतर्फ १४ अर्ब ७ करोड रुपैयाँ र पुँजीगत तर्फ २० अर्ब ३६ करोड रुपैयाँ गरी जम्मा ३४ अर्ब ४४ करोड रुपैयाँ, आर्थिक वर्ष २०७६–७७ का लागि चालुतर्फ २१ अर्ब ६९ करोड रुपैयाँ र पुँजीगततर्फ २२ अर्ब ४४ करोड रुपैयाँ गरी जम्मा ४४ अर्ब १४ करोड रुपैयाँ र आर्थिक वर्ष २०७५–७६ का लागि चालुतर्फ ११ अर्ब ९५ करोड रुपैयाँ र पुँजीगततर्फ १७ अर्ब २२ रुपैयाँ गरी जम्मा २९ अर्ब १७ करोड रुपैयाँको बजेट प्रस्तुत भएको थियो ।

## ३९ लाखका अवैध सामान बरामद



**राहुल गुप्ता**
**बारा ।**
विश्रामपुर गाउँपालिका–३ स्थित डम्पिङ साइटनजिकै भारतबाट अबैधरूपमा ल्याइएको एयरपड्स प्रो र टेम्पर ग्लास सशस्त्र प्रहरीले बरामद गरेको छ ।

बरामद सामग्रीको अनुमानित मूल्य ३९ लाख १२ हजार रुपैयाँ रहेको सशस्त्र प्रहरी बल, नेपाल नम्बर १२ गण हेडक्वार्टरले जनाएको छ ।

घटनास्थलमा खटिएका सशस्त्र प्रहरी निरीक्षक मोहनराज बिष्टको कमाण्डमा खटिएको ७ जनाको मोबाइल टोलीले भारतबाट साइकल प्रयोग गरी अबैधरूपमा नेपाल ल्याइँदै गरेको सामान फेला पारेको हो ।

प्रहरीलाई देखेपछि तस्कर साइकल र सामान सोही स्थानमा छाडेर फरार भएका थिए ।

सामानसहित साइकल नियन्त्रणमा लिई आवश्यक अनुसन्धान र कानूनी कारबाहीका लागि गणमा राखिएको सशस्त्र प्रहरी बलका एसपी खुम बहादुर केसीले जानकारी दिए । सशस्त्र प्रहरीले सीमावर्ती क्षेत्रमा अवैध ओसारपसार रोक्न निरन्तर गस्ती तथा निगरानी तीव्र बनाएको जनाएको छ ।

## गर्मीले थप चार दिन विद्यालय बन्द

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अत्यधिक गर्मीका कारण बालबालिकाको स्वास्थ्यमा पर्नसक्ने प्रतिकूल असरलाई मध्यनजर गर्दै जनकपुरधाम उपमहानगरपालिकाले सबै सामुदायिक तथा संस्थागत विद्यालयमा पुनः चार दिन पठनपाठन स्थगित गर्ने निर्णय गरेको छ । यसअघि एक चरणको बिदा दिइसकेपछि उपमहानगरपालिकाले दोस्रो चरणमा असार १ गतेदेखि ४ गतेसम्म विद्यालय बन्द गर्ने निर्णय लिएको हो । उपमहानगरको शिक्षा तथा खेलकुद विकास शाखा प्रमुख धीरेन्द्र लाल कर्णका अनुसार यो बिदा वर्षे बिदाबाट कट्टा गरिनेछ । कर्णले अत्यधिक तापक्रमका कारण विद्यार्थीहरूमा डिहाइड्रेसन, चक्कर तथा अन्य स्वास्थ्य समस्याहरू देखिनसक्ने जोखिम रहेकाले सतर्कता अपनाउनु आवश्यक भएको बताए । मौसममा सुधार आएलगत्तै विद्यालय पुनः नियमित सञ्चालन गरिने जानकारी दिइएको छ । उपमहानगरपालिकाले विद्यालयहरूलाई सूचना पत्रमार्फत सूचित गरिसकेको छ भने अभिभावकलाई आवश्यक सावधानी अपनाउन आग्रह गरिएको छ । पर्याप्त पानी सेवन गर्न, हावा हुने स्थानमा बस्न र बाहिरको कार्यलाई सीमित गर्न उपमहानगरले सुझाव दिएको छ । उपमहानगरले गर्मीको जोखिम अझै केही दिन रहने सम्भावना रहेकाले बालबालिकाको स्वास्थ्य सुरक्षालाई प्राथमिकता दिन सम्पूर्ण सरोकारवालासँग सहकार्यको अपेक्षा गरेको छ ।

## सांसदलाई मन्त्री बनाउन छाडौँः यादव

**मधेशदृष्टि**
**काठमाडौँ ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले निर्वाचन प्रणाली बदल्नुपर्ने बताएका छन् । नेपालमा निर्वाचन प्रणाली तुलनात्मक अध्ययन सार्वजनिक कार्यक्रममा बोल्दै अहिलेको निर्वाचन प्रणालीकै कारणले विकृति र भ्रष्टाचार बढेको उनले बताए । उनले पार्टी र उम्मेदवार दुवैले खर्च गर्न नपर्ने समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्ने बताए । यादवले भने, 'पूर्ण समानुपातिक निर्वाचन प्रणाली र पूर्ण समावेशी हुने गरी जानुपर्छ । त्यसो हुँदा खर्च न उम्मेदवारको हुन्छ न त पार्टीको नै ।' उनले प्रधानमन्त्री र मन्त्रीहरू आफ्नो निर्वाचन क्षेत्रमा मात्रै केन्द्रित भएको भन्दै प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुनुपर्ने बताए । सांसदलाई मन्त्री बनाउन छाड्ने हो भने ठूलो समस्या हल हुने उनको भनाइ छ ।

यादवले भने, 'राजनीतिक अस्थिरता सरकार बनाउन नै भएको छ, मैले त भोगेको हो । एउटा पार्टीले सबैलाई मन्त्री बनाउन सक्दैन, प्रधानमन्त्रीको पार्टीले आइज मन्त्री बनाइदिन्छु भनेर पार्टी फुटाउँछन् । राति पार्टी फुटाउँछ, बिहानै मन्त्रीको शपथ लिन्छ । प्रधानमन्त्रीले गौरवसाथ भाषण गर्छन्, मैले सरकार टिकाउन फलानो पार्टी फुटाएँ भनेर । यो सुहाउने कुरा हो ?'
उनले सांसदहरूलाई मन्त्री नबनाए पार्टी फुटाउन खरिदबिक्री नै नहुने बताए । संविधानसभामा खसीबोका किने जस्तो गरेर सांसदहरुलाई रिसोर्टमा लगेर राखेको आफैँले देखेको उनले स्मरण गरे ।

## २०८३ मै पार्टी महाधिवेशन

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपाली कांग्रेसको महाधिवेशन २०८३ मङ्सिरअगावै हुनेमा आफू विश्वस्त रहेको बताएका छन् । नेपाली कांग्रेस काठमाडौँ क्षेत्र नं ६ प्रदेश (क)को तेस्रो प्रदेशसभा क्षेत्रीय सम्मेलन तथा प्रशिक्षण कार्यक्रममा उहाँले पार्टीको महाधिवेशन विसं २०८३ मङ्सिरअगावै हुने बताए ।
'विसं २०८४ को निर्वाचनपछि अधिवेशन हुन्छ भन्ने भ्रममा नपर्नुहोस्, शेरबहादुर देउवा, शेखर कोइराला, शशाङ्क कोइराला, गगन थापा, विश्वप्रकाश शर्मा सबै मिलेर अधिवेशन सार्छु भने अधिवेशन २०८३ मङ्सिरअगावै हुन्छ,' उनले भने ।
महामन्त्री थापाले आगामी असार मसान्तभित्र देशैभरका पार्टी क्रियाशील सदस्यको नवीकरण गरिसक्ने बताए । सदस्यता नवीकरण सकिएपछि नयाँ क्रियाशील सदस्य खोलिने उनको भनाइ थियो । उनले पार्टीमा गुटबन्दी अन्त्यका लागि क्रियाशील सदस्यबाट प्रत्यक्ष रूपमा पार्टी सभापति चुन्ने व्यवस्था गर्नुपर्ने बताए । कांग्रेस नेता एवम् स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले पार्टीभित्र विद्यमान गुटगत राजनीतिको अन्त्य आवश्यक भएको बताए । उनले कांग्रेसको सङ्गठन निर्माणमा पार्टी कार्यकर्ताको महत्वपूर्ण भूमिका हुने भएकाले क्रियाशील हुन युवा पुस्तालाई आह्वान गरे । नेपाली कांग्रेस काठमाडौँ क्षेत्र नम्बर ६ प्रदेश (क)का सभापति ख्यामराज तिवारीले पार्टीलाई बलियो बनाउनुपर्ने बताए । हरेक कार्यकर्ताको मूल्याङ्कन पार्टीमा हुनुपर्ने उनको भनाइ थियो ।

## भारत सरकारद्वारा नेपाललाई ४० एम्बुलेन्स उपहार

**मधेशदृष्टि**
**काठमाडौँ ।**
भारत सरकारले नेपालका विभिन्न जिल्लाका स्वास्थ्य संस्थालाई ४० वटा एम्बुलेन्स उपहारस्वरूप प्रदान गरेको छ । भारतीय दूतावासले शनिबार एकैसाथ काठमाडौँ, वीरगंज, पोखरा र धरानमा विशेष कार्यक्रम आयोजना गरी एम्बुलेन्स हस्तान्तरण गरेको जनाएको हो । सात प्रदेश समेटिने गरी ३३ जिल्लाका विभिन्न संस्थालाई ४० वटा एम्बुलेन्स उपहारस्वरुप प्रदान गरिएको दूतावासले विज्ञप्तिमार्फत जनाएको छ । तीमध्ये काठमाडौँस्थित भारतीय दूतावासका नियोग उप–प्रमुख प्रसन्न श्रीवास्तवले बागमती, कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका विभिन्न नगरपालिका तथा गाउँपालिकाका प्रमुखलाई २२ वटा एम्बुलेन्सको चाबी हस्तान्तरण गरे ।

यस्तै, वीरगंजमा र पोखरामा सात–सात तथा धरानमा चारवटा एम्बुलेन्स प्रदान गरिएका छन् ।



काठमाडौँमा आयोजित कार्यक्रममा दूतावासका नियोग उपप्रमुख श्रीवास्तवले भारत–नेपाल विकास साझेदारीअन्तर्गत नेपालको स्वास्थ्य पूर्वाधार सुदृढ बनाउन यो सहयोग महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । 'उपहारस्वरुप प्रदान गरिने एम्बुलेन्स भारत सरकारको लामो समयदेखिको पहलहरूमध्ये एक हो । यो पहल भारत र नेपालबीचको बलियो र जीवन्त विकास साझेदारीको एक हिस्सा हो । जुन दुई देशबीचको सात दशक लामो र बलियो सम्बन्धको निरन्तरता हो,' उनले भने ।

कार्यक्रममा एम्बुलेन्स प्राप्त गर्ने संस्थाका प्रतिनिधिले भारत सरकारको निरन्तर सहयोगप्रति आभार व्यक्त गर्दै नयाँ एम्बुलेन्सले ग्रामीण तथा दुर्गम क्षेत्रसम्म स्वास्थ्य सेवा पु¥याउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । भारत सरकारले सन् १९९४ यता नेपालभरिका स्वास्थ्य संस्थालाई एक हजार ४९ एम्बुलेन्स उपहारस्वरूप प्रदान गरिसकेको छ । यस्तै, तीन दशकदेखि शिक्षा, निर्वाचन र सार्वजनिक सेवाका विभिन्न क्षेत्रमा स्कुल बसदेखि विद्युतीय गाडीसमेत उपलब्ध गराउँदै आएको विज्ञप्तिमा उल्लेख छ । हालसम्म नेपालका विभिन्न शैक्षिक संस्थालाई ३ सय स्कुल बस, सन् २०२२ मा निर्वाचन सञ्चालन हेतु कानून कार्यान्वयन गर्ने निकाय र निर्वाचन आयोगलाई २ सय सवारीसाधन उपहारस्वरुप प्रदान गरिएको जनाइएको छ । यस्तै, हालै सम्पन्न 'सगरमाथा संवाद' को पहिलो संस्करण आयोजनालाई सहज बनाउन नेपालको परराष्ट्र मन्त्रालयलाई १५ विद्युतीय सवारीसाधन सहयोगस्वरुप प्रदान गरिएको पनि दूतावासले जनाएको छ । भारत–नेपालको बहुआयामिक विकास साझेदारीलाई थप बलियो बनाउने उद्देश्यसहित गरिएको यस सहयोगले दुवै देशबीचको सम्बन्धलाई अझ सुदृढ बनाउने दूतावासले विश्वास गरेको छ ।

# वीरगंजमा 'सफ्ट सीपको शक्ति' तालिम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज कलेजमा अध्ययनरत बीबीएस प्रथम वर्षका विद्यार्थीहरुका लागि सञ्चार, आत्मविश्वास र सहकार्यजस्ता जीवनोपयोगी सीपको विकास गराउने उद्देश्यले आयोजित 'सफ्ट सीपको शक्ति' विषयक तालिम सम्पन्न गरिएको छ ।

कार्यक्रम वीरगंजस्थित होटल भिष्मामा सम्पन्न भएको हो । कार्यक्रमको अध्यक्षता वीरगंज कलेजका निर्देशक दीपेन्द्र चौधरीले गरेका थिए भने प्रमुख अतिथिका रुपमा प्रदेश सभा सदस्य रहबार अन्सारी सहभागी भएका थिए । विशेष अतिथिका रुपमा वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्ण, बिकन माविका प्रधानाध्यापक प्रकाश उपाध्याय, नेपाल पत्रकार महासंघ लेखा समितिका संयोजक के.सी. लामिछाने, उद्योग वाणिज्य महासंघ पर्साका अध्यक्ष हरी गौतम, नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनाल, वीरगंज कलेजका सञ्चालक सुरेश चौधरी, प्रेस चौतारी पर्साका अध्यक्ष तुलसी लामिछाने तथा ट्रीब्युन न्यूजका सम्पादक निरज पिठकोटेको उपस्थिति रहेको थियो ।

कार्यक्रममा वीरगंज गोल्डेन गेटका संस्थापक सागीर अली, चार्टर्ड एकाउन्टेन्ट मौजे लाल साह्नी, राजेश्वर चौधरी, सञ्चारकर्मी, शिक्षक र विद्यार्थीहरुको सहभागिता देखिएको थियो । तालिममा सहभागी विद्यार्थीहरुले प्रभावकारी सञ्चार कौशल, आत्मविश्वास अभिवृद्धि र सहकार्यको महत्त्वबारे व्यवहारिक ज्ञान हासिल गरेका थिए । तालिमले उनीहरुको नेतृत्व क्षमता, प्रस्तुति शैली र सामाजिक संवादमा उल्लेखनीय सुधार ल्याउने विश्वास गरिएको छ । कार्यक्रमको समापनमा आयोजक संस्थाले सहभागी सबै अतिथिहरुप्रति आभार व्यक्त गर्दै भविष्यमा पनि यस्ता ज्ञानवर्धक तालिमहरुलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

## वीरगञ्जमा डेंगु नियन्त्रण चुनौतीपूर्ण

# जनसहभागिता अभावले स्वास्थ्यकर्मी चिन्तित

**मधेशदृष्टि**
**वीरगंज ।**
डेंगु संक्रमणको जोखिम बढिरहेको बेला वीरगंजमा सरकारी निकायहरू सक्रिय भए पनि आम नागरिकको असहयोगका कारण नियन्त्रणमा कठिनाइ बढेको स्वास्थ्यकर्मीहरुले गुनासो गरेका छन् । स्वास्थ्य कार्यालय पर्साका अनुसार पछिल्ला तीन वर्षमा १ हजार १८ जनामा डेंगु संक्रमण पुष्टि भइसकेको छ । तर, नगरबासी र पसलेहरुले लामखुट्टे उमार्ने खाल्डाखुल्डी, पानी जम्ने भाँडाकुँडालगायतको व्यवस्थापनमा लापरवाही देखाउँदै आएका कारण संक्रमण रोकथाममा असर परेको छ । शनिबार वीरगंजमा आयोजित अभिमुखीकरण कार्यक्रममा जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले लामो समयदेखि जनचेतना अभियान चलाइए पनि नागरिक स्तरबाट आवश्यक साथ नपाउँदा संक्रमण दर उच्च हुने खतरा रहेको बताए । महानगर प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले डेंगु नियन्त्रण अभियानलाई अब निर्ममतापूर्वक र निरन्तरताका साथ अघि बढाउनु पर्ने आवश्यकता औंल्याए । स्वास्थ्य निरीक्षक सुमनचन्द्र ठाकुरका अनुसार शहरी क्षेत्रका वडा नं १ देखि १६ सम्म तीन दिनसम्म व्यापक लार्भा खोजी र नष्ट गर्ने अभियान सञ्चालन गरिने तयारी भइरहेको छ । स्वास्थ्यकर्मीहरुले समयमै सचेत नभए आगामी महिना झनै डेंगुको प्रकोप फैलन सक्ने चेतावनी दिएका छन् । जनस्वास्थ्यलाई सुरक्षित राख्न सबै नागरिकको जिम्मेवारी भएकाले लामखुट्टेको बासस्थान नष्ट गर्न सरोकारवाला र आम नागरिक एकजुट हुनुपर्नेमा उनीहरुको जोड छ ।

# पूर्वमन्त्री सिंहको सक्रियतामा माओवादी नेतासहित २५ जना कांग्रेसमा प्रवेश



**मधेशदृष्टि**
**सर्लाही ।**
नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति तथा पूर्वमन्त्री वीरेन्द्र प्रसाद सिंहको पहलमा नेकपा माओवादी केन्द्र परित्याग गरी २५ जना नेताकार्यकर्ता नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । शनिबार सर्लाहीको धनकौल गाउँपालिका–३ हरकठवामा आयोजित कार्यक्रममा माओवादी केन्द्रका स्थानीय नेता रामएकवाल राय यादवको नेतृत्वमा उक्त समूहले कांग्रेसको सदस्यता लिएका हुन् । कार्यक्रममा पूर्वमन्त्री सिंहले नवप्रवेशीहरुलाई पार्टीको झण्डा, माला र टीका लगाएर स्वागत गरेका थिए । उनले लोकतन्त्र, संविधान र समावेशी राजनीतिमा आस्था राख्ने सबैलाई कांग्रेसमा स्वागत गर्ने बताए । स्वकीय सचिव निकेश त्रिपाठीका अनुसार पछिल्लो समय जिल्लामा पार्टीप्रति आकर्षण बढ्दो छ । सिंहको जनसमर्पित कार्यशैलीकै कारण कांग्रेसमा प्रवेश गर्नेको लहर तीव्र भइरहेको छ । सर्लाही जिल्लामा नेपाली कांग्रेसले हाल १२ स्थानीय तहमा जित हात पारिसकेको छ भने आगामी प्रदेश तथा संघीय निर्वाचनमा पनि पार्टी अझ बलियो हुने विश्वास नेताहरुले व्यक्त गरेका छन् । पूर्वमन्त्री सिंहले विकास निर्माणदेखि नागरिकको दुःखसुखमा निरन्तर सक्रिय रहँदै आएको जनाउँदै जनताको साथ र विश्वास कांग्रेसप्रति अझ मजबुत बन्दै गएको बताए ।

# न्यायाधीशमाथिको दुर्व्यवहारप्रति उच्च अदालत बारको विरोध

**मधेशदृष्टि**
**वीरगंज ।**
उच्च अदालत बार एशोसिएशन वीरगंजले वीरगंज इजलासका न्यायाधीशहरुमाथि भएको दुर्व्यवहारप्रति आपत्ति जनाउँदै त्यसप्रकारका अपराधिक कार्यलाई 'नालायकको पराकाष्ठा' भन्दै निन्दा गरेको छ ।

प्रेस विज्ञप्तिमा एशोसिएशनले लोकतान्त्रिक मूल्य, विधिको शासन र स्वतन्त्र न्यायपालिकाको संरक्षणमा सधैं प्रतिबद्ध रहेको स्पष्ट पार्दै हाले उच्च अदालत जनकपुरको वीरगंज इजलासमा कार्यरत न्यायाधीश खुसी प्रसाद थारु र अर्जुन महर्जनमाथि भएको व्यवहारलाई न्यायालयको अस्तित्वमाथि लक्षित योजनाबद्ध आक्रमणको संज्ञा दिएको छ । विज्ञप्तिमा भनिएको छ, 'यस्ता निकृष्ट कार्यहरुले न्यायमूर्तिहरुको मनोबल गिराउँछ, निष्पक्ष र स्वतन्त्र न्याय सम्पादनमा गम्भीर असर पार्छ । यसले विधिको शासन तथा लोकतन्त्रप्रतिको जनआस्था कमजोर बनाउँछ ।' बार एशोसिएशनले हाली देखिएको राजनीतिक हस्तक्षेपप्रति चिन्ता व्यक्त गर्दै सबै राजनीतिक दलहरुलाई न्यायालयको गरिमा कायम राख्न आग्रह गरेको छ । साथै, पछिल्लो समय इजलास परिसरमा अपराधिक गतिविधिहरु दोहोरिइरहेकाले न्यायाधीश, कर्मचारी, कानून व्यवसायी र सेवाग्राही सबैको सुरक्षा सुनिश्चित गर्न राज्यलाई तत्काल जिम्मेवारीपूर्वक प्रस्तुत हुन पनि बारले माग गरेको छ । प्रेस विज्ञप्तिमा बारका अध्यक्ष बिशाल चौधरी र सचिव विनोद कुमार मल्लिकको संयुक्त हस्ताक्षर रहेको छ । बारले यस्ता घटना दोहोरिन नदिन कडा सुरक्षा उपायको व्यवस्था गर्न र दोषीमाथि कानुनी कारबाही गर्न पनि आग्रह गरेको छ ।

# राष्ट्रपति रनिङ शिल्डमा वीरगंजका प्रिन्सलाई स्वर्ण पदक

**मधेशदृष्टि**
**वीरगंज ।**
१५औं केन्द्रीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा मधेश प्रदेशका तर्फबाट सहभागिता जनाएका वीरगंजका प्रिन्स साहले कराँतेतर्फ स्वर्ण पदक जितेका छन् ।

पुरुषतर्फ ४७ किलो तौल समूहमा उत्कृष्ट प्रदर्शन गर्दै साहले प्रतिस्पर्धीहरुलाई पछि पार्दै स्वर्ण पदक आफ्नो पोल्टामा पारेका हुन् । उनी वीरगंज महानगरपालिका–११ श्रीपुर निवासी तथा पर्सा जिल्लाका पहिलो खेलाडी हुन् । उनले राष्ट्रपति रनिङ शिल्डमा कराते विधामा स्वर्ण जितेका छन् । पर्सा सितोरी कराते संघका अध्यक्ष सन्तोष सर्राफले साहको उपलब्धिलाई जिल्लाकै ऐतिहासिक सफलता भएको भन्दै आफूले नेतृत्व सम्हालेको समयमा मधेश प्रदेशका लागि पहिलो स्वर्ण विजेता उत्पादन गर्न पाएकोमा गौरव अनुभूति भएको बताए । प्रिन्स वीरगंजका समाजसेवी विकास साहका सुपुत्र हुन् ।

# नेपालको माटो सुहाउँदो 'नेपालवाद' आवश्यकः हरि पन्त

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्साका सभापति हरि पन्तले देशलाई समृद्ध बनाउन अब माक्र्सवाद, लेनिनवाद र माओवादजस्ता आयातित वादहरुको साटो नेपालको माटो सुहाउँदो 'नेपालवाद' आवश्यक रहेको बताएका छन् । बहुदरमाई नगरपालिका–३ नगरदाहमा आयोजित प्रथम वडा भेलालाई सम्बोधन गर्दै सभापति पन्तले सो कुरा बताएका हुन् । सभापति पन्तले माक्र्स, लेनिन र माओले पनि तत्कालीन समयमा आ–आफ्नो देशको वस्तुस्थिति र परिस्थितिको अध्ययन तथा आकलन गरेर ती वादहरु प्रतिपादन गरेको उल्लेख गर्दै नेपालको सन्दर्भमा माओवाद, माक्र्सवाद र लेनिनवादको कुनै अर्थ नरहेको दाबी गरे । उनले फरक सन्दर्भमा मलेसियालाई त्यहाँका तत्कालीन प्रधानमन्त्री महाथिर मोहम्मदले २२ वर्षमा, भियतनामलाई हो चि मिन्हले २४ वर्षमा र सिंगापुरलाई ली क्वान यूले ३१ वर्षमा ढुङ्गाबाट सुन बनाएको दृष्टान्त दिँदै नेपाललाई भने नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र मधेशवादी दलहरु मिलेर 'सुनजस्तो देशलाई दोहन गरेर खरानी' बनाएको आरोप लगाए ।

अब देश विकासको विकल्प नै रास्वपा मात्र रहेको उनको भनाइ थियो । भेलाले राजकिशोर साहको सभापतित्वमा ११ सदस्यीय वडा कमिटी गठन गरेको छ ।

कमिटीको उपाध्यक्षमा राजु यादव, सचिवमा शत्रुघन यादव र सदस्यहरुमा राजकुमार गुप्ता, बानारसी साह, इस्तियाज आलम, सागर यादव, ललिता देवी, संगीता देवी, सीतापति देवी, सफिना खातुन र कुश्मा देवी पासवान रहेका छन् । रास्वपा बहुदरमाईका नगर सभापति चन्दन यादवको सभापतित्वमा सम्पन्न भेलालाई केन्द्रीय सदस्य डा. नन्दन यादव, दिलीप कुर्मी, सुदीस प्रजापति लगायतका नेताहरुले सम्बोधन गरेका थिए भने कार्यक्रमको सहजीकरण प्रमोद रायमाझीले गरेका थिए ।

# सुन र हीरामाथिको कर खारेजी माग्दै वीरगंजमा हस्ताक्षर अभियान

**मधेशदृष्टि**
**वीरगंज ।**
सुनचाँदी व्यवसायी संघ पर्साको आयोजनामा सुनमा लगाइएको २ प्रतिशत विलासिता कर र हीरामाथि लाग्ने १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) खारेज गर्न माग गर्दै वीरगंजको घण्टाघर चोकमा शनिबार हस्ताक्षर संकलन गरिएको छ ।

सुनचाँदी व्यवसायी मात्र नभई सर्वसाधारण उपभोक्ता, नागरिक समाजका प्रतिनिधि र विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको उपस्थितिबीच सहभागीहरुले हस्ताक्षर गर्दै कर खारेजीको मागमा ऐक्यबद्धता जनाएका थिए ।

संघका पदाधिकारीहरुले सुन र हीरालाई नेपाली समाजको संस्कार, परम्परा र सामाजिक संरचनासँग जोडिएको वस्तु भएको बताउँदै यस्तो क्षेत्रमा भारी कर लगाउनु आम उपभोक्तालाई मारमा पार्नु र व्यवसायलाई धरापमा धकेल्नु सरह भएको बताए । 'करको भारले ग्राहकको पहुँचभन्दा बाहिर जान्छ र कालोबजारी र अवैध कारोबारलाई प्रोत्साहन दिन्छ,' संघले विज्ञप्तिमा उल्लेख गरेको छ, 'सरकारले कर नीति तुरुन्त पुनर्विचार गर्नुपर्छ ।' संघका अनुसार यो कार्यक्रम सरकारलाई दबाब दिनका लागि शान्तिपूर्ण आन्दोलनको पहिलो चरण हो ।

निकट भविष्यमै चरणबद्ध आन्दोलन र अन्य दबाबमूलक कार्यक्रम घोषणा गरिने तयारीसमेत भएको संघले चेतावनी दिएको छ । सुनचाँदी व्यवसायी संघ पर्साले उपभोक्ताको अधिकार र व्यवसायको संरक्षणका लागि सबै पक्षलाई एकजुट हुन आह्वानसमेत गरेको छ ।

# एमाले वीरगंज महानगर कमिटीभित्र असन्तुष्टी

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले वीरगंज महानगर कमिटीभित्र असन्तुष्टी चुलिन थालेको छ । नेकपा एमाले वीरगंज महानगर कमिटीको अध्यक्षका प्रत्यासी सुन्दर कुर्मीले पार्टी विधान र सिद्धान्त भन्दा पनि पूँजीवादको शरणमा परेको टिप्पणी गरेका छन् ।

नेकपा एमाले वीरगंज महानगर कमिटीका सदस्य विकास रौनियारले शनिवार सामाजिक सञ्जालमा एक पोस्ट लेख्दै आफू को कमिटीमा नभएको बताए । साथै आजदेखि आफू नेकपा एमालेको साधारण सदस्य मात्रै भएको स्पष्ट पारे । विशेष गरी पार्टी वीरगंज महानगरपालिकाका पूर्वप्रमुख विजय कुमार सरावगीको ईशारामा चलेको उनले बताए ।

शनिवार बिहान साढे ११ बजे रोयल पार्टी प्यालेसमा महानगर कमिटीको बैठक आह्वान गरिएको थियो । उक्त बैठक पनि पार्टीमा कुनै छलफल नै नगरी बोलाइएको असन्तुष्ट पक्षहरुको आरोप छ । दोस्रो अधिवेशनबाट निर्वाचित महानगर कमिटीका अध्यक्ष नवराज शर्मा नेतृत्वको समितिले पार्टी पनि पूर्वमेयर सरावगीकै घरबाट सञ्चालन गरिरहेको रौनियारले बताए ।

# सर्वसाधारणलाई सुरक्षित राख्ने उपायबारे तालिम

**मधेशदृष्टि**
**वीरगंज ।**
आगलागीका घटनामा तत्काल प्रतिक्रिया जनाउने क्षमता अभिवृद्धि गर्ने उद्देश्यसहित वीरगंज महानगरपालिका–४ विर्ता चोकस्थित वडा प्रहरी कार्यालय विर्ताको आयोजनामा विशेष तालिम सम्पन्न भएको छ । प्रहरी निरीक्षक निरोज चौलागाईको उपस्थितिमा सम्पन्न तालिममा मधेश प्रदेश प्रहरी विपद् व्यवस्था गुल्म वीरगंजबाट खटिएको टोलीले प्रशिक्षण दिएको हो । प्रशिक्षणको नेतृत्व प्रहरी सहायक निरीक्षक भोजराज साहले गरेका थिए । उनको टोलीमा प्रहरी हवल्दार नेता चौधरी, प्रहरी जवान जयप्रकाश कुशवाहा र प्रदिप ठाकुर सहभागी थिए । कार्यक्रममा स्थानीय भद्रभलाद्मी, समाजसेवी, बुद्धिजीवी तथा वडा प्रहरी कार्यालयका मातहत इकाइमा कार्यरत सुरक्षाकर्मीसमेत गरी ७५ जनाको सहभागिता रहेको थियो । तालिममा आगलागी रोकथामका उपाय, सुरक्षाका लागि अपनाउनुपर्ने व्यवहारिक विधि, आगलागीको बेलामा प्रभावकारी प्रतिक्रिया दिने तरिका र सर्वसाधारणलाई सुरक्षित राख्नका उपायहरुबारे जानकारी दिइयो । आयोजक प्रहरीका अनुसार कार्यक्रमको मुख्य उद्देश्य विपद् व्यवस्थापनमा स्थानीय र सुरक्षाकर्मीको समन्वय सुदृढ बनाउनुका साथै समुदायमा सुरक्षा जनचेतना अभिवृद्धि गर्नु रहेको थियो ।

# कर्ण कायस्थ महिला समाजद्वारा सिलाई मेसिन वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
कर्ण कायस्थ महिला समाज वीरगंजले आर्थिक रुपले कमजोर अवस्थाका महिलाहरुलाई स्वरोजगारमा प्रोत्साहित गर्ने उद्देश्यले शनिबार सिलाई मेसिन वितरण गरेको छ ।

वीरगंज–१ शिशोवारीमा आयोजित कार्यक्रममार्फत चित्रगुप्त सेवा समिति वीरगंजका अध्यक्ष महेश दासले स्थानीय महिलाहरु कल्पना कुमारी र सुलोचना देवीलाई सिलाई मेसिन हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा महिला समाजकी केन्द्रीय अध्यक्ष पुनम दासले न्यून आय भएका महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यले मेसिन वितरण गरिएको बताइन् । उनले आगामी दिनहरूमा आयमूलक तालिम सञ्चालन गरी महिलाहरूलाई व्यावसायिक रुपमा सक्षम बनाउने योजना रहेको जानकारी पनि दिइन् । चित्रगुप्त युवा समिति शिशोवारीका राजीव कुमार कर्णले महिलाहरूलाई उद्यमशील बनाउँदै आत्मनिर्भर जीवनशैलीतर्फ उन्मुख गराउने प्रयास समाजको प्राथमिकता हुनुपर्ने धारणा राखे । कर्ण कायस्थ महिला समाज वीरगंजकी अध्यक्ष सविता कर्णले कार्यक्रमको अध्यक्षता गर्दै समाजले आगामी दिनमा पनि यस्ता सहयोगात्मक कार्यक्रम संस्थागत रुपमा विस्तार गर्ने प्रतिबद्धता जनाइन् । कार्यक्रममा समाजका अन्य पदाधिकारीहरु, स्थानीय महिला प्रतिनिधि तथा समाजसेवीहरूको उपस्थिति रहेको थियो ।

# वीरगंजमा विश्व रक्तदाता दिवस मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा शनिबार विश्व रक्तदाता दिवस मनाइएको छ । नेपाल रक्तदाता संघ पर्साले वीरगंजको होटेल मकालुमा आयोजना गरेको कार्यक्रममा २५ जना रक्तदाताका साथ रक्तदानका लागी सहयोग गर्ने विभिन्न संघसंस्था समेतलाई सम्मानित गरिएको छ ।

तीमध्ये योगेश खनालले ६८ पटक, अरविन्द सिंह (३८ पटक), उदयराज शर्मा (३५ पटक), सुदिप लामा (४३ पटक), चोकत सिंह (६० पटक) र महिला रक्तदाता मधु राना (२६ पटक) रक्तदान गरेकाहरु सम्मानित भएका छन् । नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य श्याम पोखरेलले उनीहरुलाई सम्मानपत्र प्रदान गरेका थिए । त्यस अवसरमा 'रक्तदाता नै नायक हुन्' भन्ने मूल नारासहित वीरगंजको छपकैया क्षेत्रबाट र्‍यालीसमेत निकालिएको थियो ।

# सार्वजनिक पोखरीको सौन्दर्यकरण शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौली गाँउपालिका वडा नम्बर–५ निचुटामा रहेको सार्वजनिक पोखरीको सौन्दर्यकरण शुरु गरिएको छ । शनिबार गाँउपालिकाकी उपाध्यक्ष ममता महत्तोले शिलान्यास गरेसँगै पोखरीको सौन्दर्यकरण कार्य शुरु भएको हो । उपाध्यक्ष महत्तोका अनुसार मधेश प्रदेश सरकारको पर्यटन मन्त्रालयबाट प्राप्त ५० लाख रुपैयाँको लागतमा पोखरीको सौन्दर्यकरण गर्न लागिएको हो । जसअन्तर्गत पोखरीको चारैतिर पक्की पर्खाल लगाउनुका साथै पोखरीको डिलमा पेभर्स सडक निर्माण गरिने छ । उपभोक्ता समितिमार्फत शुरु भएको सौन्दर्यकरणको काम असार मसान्तभित्र सकिने लक्ष्य रहेको गाँउपालिका उपाध्यक्ष महत्तोले जानकारी दिए । शिलान्यास कार्यक्रममा वडाध्यक्ष बासु पन्जियार, कार्यपालिका सदस्यहरु शीवबालक ठाकुर, राजमति देवी, शीव चौधरी, काशी साह, उपभोक्ता समितिका अध्यक्ष प्रेम नारायण यादव लगायतकाको उपस्थिती रहेको थियो ।

# सिम्रौनगढमा रक्तदान कार्यक्रम

**मधेशदृष्टि**
**बारा ।**
विश्व रक्तदाता दिवसको अवसरमा शनिबार बाराको सिम्रौनगढमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

सिम्रौनगढस्थित उद्योग वाणिज्य संघको सभा कक्षमा सम्पन्न रक्तदान कार्यक्रममा ४ जना महिलासहित ६८ जनाले रक्तदान गरेका छन् । रक्तदान गर्नेहरुमा राजकुमार गुप्ता, सुधीर कुमार, सन्दीप कुमार, राकेश कुमार, महेन्द्र कुशवाहा, शान्ती देवी नुनिया, बबिता देवी, बबिता साह, ज्योती कुशवाहा लगायतकाहरु रहेका छन् । रक्तदानको वीरगंजस्थित भारतीय महावाणिज्य दुतावासका महावाणिज्यदुत देवीसहाय मीणाले उद्घाटन गरेका थिए । सिम्रौनगढ नगरपालिकाका नगर प्रमुख किशोरी प्रसाद कलवारको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाराका उपाध्यक्ष शम्भु प्रसाद कुशवाहाले स्वागत गरेका थिए । कार्यक्रमको सञ्चालन सनातन धर्म रक्षा मञ्च सिम्रौनगढका अध्यक्ष ओम प्रकाश ठाकुरले गरे ।

# अधुरो कामको भुक्तानी माग्दै ठेकेदारले लगाए पूर्वाधार विकास कार्यालय सर्लाहीमा ताला

**मधेशदृष्टि**
**सर्लाही ।**
अधुरो निर्माणको भुक्तानी माग गर्दै सर्लाहीको मलंगवास्थित पूर्वाधार विकास कार्यालयमा ठेकेदार खुसीलाल ठाकुरले तालाबन्दी गरेका छन् । जनकपुरधामस्थित एम.आर.आर जे. कमल जेभी निर्माण कम्पनीका प्रतिनिधि ठाकुरले 'मुख्यमन्त्री स्वच्छता अभियान' अन्तर्गत मलंगवा–७ मुसैलीस्थित पोखरीको सौन्दर्यकरणका लागि गरिएको कामको बाँकी भुक्तानी माग गर्दा कार्यालयले पटक–पटक टारेर बेवास्ता गरेको आरोप लगाउँदै कार्यालयको मूल गेटमा ताला लगाएका हुन् । ठेकेदार ठाकुरका अनुसार सो योजना अन्तर्गत उनले करीब १ करोड रुपैयाँ बराबरको काम गरेपनि विगत एक वर्षदेखि धाउँदा पनि भुक्तानी नपाएको गुनासो छ । 'इन्जिनियर, कर्मचारी, हाकिम कोही पनि सुनुवाइ नगरेपछि बाध्य भएर ताला लगाउनु परेको हो,' उनले भने । ठेकेदारद्वारा तालाबन्दी गरिएको पुष्टि गर्दै पूर्वाधार विकास कार्यालय मलंगवाका सहायक शाखा अधिकृत कपिलदेव साहले भने, 'मैले पटक–पटक आग्रह गर्दा पनि उनले आफ्ना समर्थक स्थानीय युवाको समूहसहित कार्यालयमा तालाबन्दी गरे । मैले प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराइसकेको छु ।' यसैबीच प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले कार्यालय र ठेकेदारबीच समन्वय गरी समस्या समाधान गर्न निर्देशन दिएको बताएका छन् । पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनियर विजय यादवका अनुसार सो योजना करिब पाँच वर्ष पुरानो हो । 'गत वर्ष मात्र फाइल हाम्रो कार्यालयमा आएको हो र त्यसयता पोखरीमा कुनै काम भएको छैन,' यादवले दाबी गरे । उनका अनुसार ठेकेदारले २० प्रतिशतमात्र काम गरे पनि १ करोड ८० लाख रुपैयाँ भुक्तानी लिइसकेका छन् । बाँकी रकम तिर्नु अघि प्राविधिक टोलीद्वारा स्थलगत निरीक्षण गरिने सहमतिमा तालाबन्दी खोलिएको उनले जानकारी दिए । प्रदेश सरकारअन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २२ सेप्टेम्बर २०२० मा बौधी देवी जनता मावि अन्तर्गतको पोखरीको सौन्दर्यकरण कार्यको लागि ६ करोड १२ लाख ९३ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । १५ महिनामा सम्पन्न गरिनुपर्ने उक्त योजना पाँच वर्ष बितिसक्दा पनि पूर्ण हुन सकेको छैन । यसअघि, पोखरी विद्यालयकै नाममा १ करोड १७ लाखमा माछापालनको ठेक्का लगाइएको थियो । विद्यालयले महिनाको करिब २ लाख रुपैयाँ आम्दानी उठाउँदै आएको बताइएको छ । तर, सौन्दर्यकरणका नाममा पटक–पटक योजना आय पनि पोखरीको अवस्था जस्ताको तस्तै रहेको भन्दै स्थानीय आक्रोशित छन् । २०७९ सालमै पोखरी सौन्दर्यकरण अन्तर्गत प्रयोग गरिएका निर्माण सामग्री गुणस्तरहीन रहेको, निर्माण गरिएको पर्खाल महिना नपुग्दै भत्किएको विषयमा समाचार सार्वजनिक भइसकेको छ । यसरी अधुरो काम गरी रकम भुक्तानी माग्ने परिपाटीप्रति चिन्ता व्यक्त गर्दै स्थानीयले प्रश्न गरेका छन्, 'अधुरो कामको भुक्तानी किन दिने?' मलंगवा–७ का स्थानीय बासिन्दाहरूले ठेकेदारले पहिले काम सम्पन्न गरेपछि मात्र भुक्तानी दिनु पर्ने माग राखेका छन् ।

# गर्मीका कारण बेहोस भएकी वृद्धालाई धनुषा प्रहरीले उद्धार गरेर घरसम्म पुर्यायो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
चर्को गर्मीका कारण बेहोस भएकी एक वृद्ध महिलालाई धनुषा प्रहरीले समयमै उद्धार गरी सकुशल घर पुर्याएको छ ।
धनुषाको महेन्द्रनगरबाट हरिहरपुरतर्फ जाने औरही खोलाको दुर्गा टोलस्थित सडकमा एक महिला अचेत अवस्थामा देखिएपछि स्थानीयले इलाका प्रहरी कार्यालय महेन्द्रनगरलाई खबर गरेका थिए ।
सूचना पाएपछि तत्काल घटनास्थल पुगेको प्रहरी टोलीले महिलालाई प्राथमिक उपचारस्वरूप पानी खुवाएर होसमा ल्याएको थियो । उनी मिथिला नगरपालिका–३ हरिहरपुरकी बासिन्दा रहेको खुलेको छ ।
प्रहरीले वृद्ध महिलालाई भ्यानमा राखी उनको घरसम्म सुरक्षित पुर्याएको हो । पछिल्ला दिनमा जनकपुरमा तापक्रम अत्यधिक बढेसँगै गर्मीजन्य समस्या देखिन थालेको छ । स्वास्थ्यकर्मीहरू गर्मीमा विशेष सतर्कता अपनाउन सुझाव दिँदै आएका छन् । प्रहरीको तर्फबाट देखाइएको मानवीय कदमप्रति स्थानीयहरूले प्रशंसा व्यक्त गरेका छन् ।

# जनकपुरधाममा १८औं राष्ट्रिय सोतोकान कराँते प्रतियोगिता शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
युवा पुस्तालाई अनुशासित, स्वस्थ, राष्ट्रप्रेमी र खेलप्रेमी बनाउने उद्देश्यले जनकपुरधाममा आयोजित १८औं राष्ट्रिय सोतोकान कराँते प्रतियोगिता तथा दोस्रो वडा अध्यक्ष कप कराँते प्रतियोगिता शुरु भएको छ । जनकपुरधाम उपमहानगरपालिका–८ को आयोजनामा नेपाल सोतोकान कराँते संघ धनुषा र मधेश प्रदेश खेलकुद परिषद्को सहकार्यमा आयोजना गरिएको उक्त प्रतियोगिता दुई दिनसम्म धनुषा जिल्ला खेलकुद विकास समितिको कभर्डहलमा शुरु भएको हो ।
प्रतियोगितामा देशभरका विभिन्न जिल्लाबाट कराँते खेलाडीहरूको उल्लेखनीय सहभागिता रहेको आयोजकले जनाएको छ । खेलको माध्यमबाट युवा पुस्तामा अनुशासन, नेतृत्व र आत्मविश्वासको विकास हुने विश्वाससहित प्रतियोगिता आयोजना गरिएको हो । जनकपुरधाम उपमहानगर–८ का वडाध्यक्ष दिनेश सिंहले प्रतियोगिता मार्फत जनकपुरधामलाई राष्ट्रिय खेलकुदको केन्द्रका रूपमा चिनाउने प्रयास भइरहेको जानकारी दिए । उनले भने, 'हामी चाहन्छौं कि जनकपुरका युवाहरू खेलमा पनि अघि बढून् । अनुशासनमा बसून् । राष्ट्रका लागि गर्विलो पहिचान बनून् ।' शनिबार उद्घाटन समारोहमा मधेश प्रदेश खेलकुद परिषद्का सदस्य सचिव शिवजी प्रसाद गुप्ता प्रमुख अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा बोल्दै सचिव गुप्ताले कराँतेजस्ता खेलले युवालाई नशा, अपराध र निराशाबाट टाढा राख्दै सामाजिक र नैतिक रूपमा जिम्मेवार नागरिक बनाउने बताए । उनले भने, 'खेलकुद भनेको केवल पदक जित्ने माध्यम मात्र नभई यो चरित्र निर्माणको आधार हो । कराँतेजस्ता अनुशासित खेलहरूबाट अनुशासन, आदर र आत्मविश्वास सिकिन्छ ।' उनले जनकपुरधाम जस्तो ऐतिहासिक सहरमा यस्ता प्रतियोगिता बारम्बार आयोजना गरिनु अत्यन्तै सराहनीय भएको उल्लेख गरे । आइतबार हुने समापन समारोहमा राष्ट्रिय युवा संघ नेपालका अध्यक्ष क्षितिज थेबे प्रमुख अतिथिका रूपमा सहभागी हुनेछन् । प्रतियोगिता सफल बनाउन उपमहानगरपालिका–८ का जनप्रतिनिधिहरू, सुरक्षाकर्मी, विभिन्न खेल संघसंस्थाहरू, विद्यालयहरू तथा स्वयंसंसेवकहरूको सक्रिय भूमिका रहेको आयोजकले जनाएको छ । जनकपुरधाममा पछिल्लो समय नियमित रूपमा राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता आयोजना भइरहेकाले यस शहरलाई मधेश प्रदेशको खेलकुद केन्द्रका रूपमा विकास गर्ने योजनामा स्थानीय सरकार र खेलकर्मीहरू जुटिरहेका छन् ।

# रौतहटमा काठ चोरी र वन अतिक्रमण बढ्दै




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट जिल्ला अहिले काठ चोरी, अवैध कटानी र वन क्षेत्र अतिक्रमणका घटनाले संकटमा छ । विगत केही समयदेखि तीव्र गतिमा बढिरहेको वन माफिया गतिविधि तथा अवैध काठ तस्करीले वन संरक्षणमा चुनौती थपेको छ । स्थानीय वासी, संरक्षणकर्मी र सामाजिक संगठहरूले यस विषयमा चिन्ता व्यक्त गरेका छन् । तर, वन संरक्षणका जिम्मेवार डिभिजन वन कार्यालय भने कारबाहीको साटो कोठे बैठक र कागजी प्रतिवेदनमै सीमित रहेको आरोप लागेको छ । रौतहटका गैडाटार, गढीमाई, फतुवा विजयपुर, गुजरा, चपुर, रंगपुर लगायतका वन क्षेत्रहरूमा रातारात सुनियोजित काठ चोरीको घटनाहरू बढ्दो क्रममा छन् । स्थानीय स्रोतका अनुसार वन माफियाहरू साइकल र ठेला गाडीमार्फत रातको समयमा अवैध रुपमा काठ चोरी र तस्करी गर्ने गरेका छन् । वन रक्षकहरू प्रायः मौनदर्शक बनेका छन् भने कतिपय अवस्थामा तिनीहरूको मिलोमतोमा पनि काठ तस्करी भइरहेको गुनासो आम जनताबाट उठिरहेको छ । डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरका कर्मचारीहरू भने नियमित बैठक, अनुगमन र योजना बनाउने कुरा गर्छन् तर कार्यान्वयन पक्षमा कमजोरी छ । संरक्षणकर्मीहरूले वन कार्यालयले भौतिक सुरक्षा, नियमित गस्ती र स्थानीय तहसँगको समन्वयमा ध्यान नदिँदा समस्या झन् जटिल भएको आरोप लगाएका छन् । वन कार्यालयका एक कर्मचारीले नाम उल्लेख नगर्ने शर्तमा भने, 'नीति बनाउने र प्रतिवेदन तयार गर्ने काम मात्रै हामीले गर्छौं, स्रोतसाधनको अभाव र स्थानीय तह तथा प्रहरीको सहयोग नहुँदा काठ तस्करी नियन्त्रण गर्न कठिन छ ।' नेपाल सरकारको तथ्यांकअनुसार रौतहटको कुल भू–भागको करिब १२ प्रतिशत वन क्षेत्रले ओगटेको छ । तर, विगत पाँच वर्षमा वन क्षेत्र तीव्र गतिमा घटेको छ । गैरकानुनी कटानी, अवैध बसोबास र खेतीको नाममा अतिक्रमणले वन क्षेत्र संकटमा परेको छ भने वातावरणीय सन्तुलनमा पनि खतरा बढ्दै गएको छ । स्थानीय रमेश पटेलले भने, 'हामीले हिजो जुन हरियाली वन देखेका थियौं, आज त्यहाँ खेत बनिसकेको छ । हरेक हप्ता बनमा नयाँ काठका ठुटाहरू देखिन्छन् । तर, कारबाहीको नाममा केही हुँदैन ।'
वातावरण संरक्षणका क्षेत्रमा आवाज उठाउँदै आएका बिनोद चौधरीले भने, 'यदि अबको समयमै कडा कदम चालिएन भने केही वर्षभित्र रौतहटमा वनको नाममात्रै बाँकी रहनेछ । यो मात्र पर्यावरणीय क्षति नभई भावी पुस्ताको सम्पत्तिमा डकैती हो ।' स्थानीय तह, वन उपभोक्ता समूह, प्रहरी प्रशासन र नागरिक समाजबीच समन्वयबिना काठ चोरी र अतिक्रमण नियन्त्रण असम्भव भएको सरोकारवालाहरूले औँल्याएका छन् । तस्करमाथि कडा निगरानी, सशस्त्र गस्ती र कानुनी कारबाही नहुँदासम्म वन क्षेत्रको संरक्षण सम्भव नरहेको निष्कर्षमा उनीहरू पुगेका छन् ।

# बलात्कार घटनामा मिलापत्र गर्न दबाब दिने दुई वडाध्यक्ष पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
बाराको सिम्रौनगढ नगरपालिका–३ र बारागढी गाउँपालिका–६ मा भएको दुई बलात्कार घटनामा पीडित पक्षलाई मिलापत्रमा दबाब दिएको आरोपमा दुई वडाध्यक्षलाई प्रहरीले नियन्त्रणमा लिएको छ । सिम्रौनगढमा १४ वर्षीया बालिकामाथि २० वर्षीय युवकले बलात्कार गरेको आरोप लागेको छ भने बारागढीमा शारीरिक अशक्तता भएकी महिलामाथि यस्तै अमानवीय कृत्य भएको पीडित परिवारले जनाएको छ ।
यी घटनामा सिम्रौनगढ–३ का वडाध्यक्ष ऐतुउल्लाह अन्सारी र बारागढी–६ का कार्यवाहक वडाध्यक्ष रामेश्वर पडितले मिलापत्र गर्न दबाब दिएको भन्दै प्रहरीको निगरानीमा परेका हुन् ।
प्रहरीले दुवैलाई नियन्त्रणमा राखेर सोधपुछपछि हाजिर जमानीमा छोडेको छ । जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख एसपी सन्तोष तामाङका अनुसार बलात्कारका आरोपित युवकहरू हाल फरार छन् ।
उनीहरू तथा घटनासँग जोडिएका जो–कोहीलाई पनि प्रमाणको आधारमा कारबाही गरिने उनले बताए । मानवअधिकारकर्मी तथा स्थानीय नागरिक समाजले जनप्रतिनिधि स्वयंले पीडितमाथि दबाब दिने र कानुनी प्रक्रिया रोक्न खोज्नु लोकतान्त्रिक मूल्य र विधिको शासनप्रति अपमान भएको भन्दै ती वडाध्यक्षहरूको भूमिकामाथि आलोचना गरेका छन् ।

# सप्तरीमा नागरिकता प्रक्रिया डिजिटल बन्यो

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरी जिल्लाको नागरिकता वितरण प्रणालीलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउन गृह मन्त्रालयले अनलाइन नागरिकता सिफारिस प्रणाली लागू गरेको छ ।
स्थानीय तहका वडा कार्यालयबाट अनलाइनमार्फत सिफारिस लिएर मात्र सेवाग्राहीहरूले नागरिकता बनाउन आवेदन दिन सक्ने भएका छन् ।
जिल्ला प्रशासन कार्यालय सप्तरीले सूचना जारी गर्दै असार १ गतेदेखि लागू हुने नयाँ नियम अनुसार नागरिकता बनाउन इच्छुक व्यक्ति आफ्ना सम्बन्धित पालिका वा वडा कार्यालयबाट केन्द्रीय नागरिकता सूचना प्रणालीमार्फत अनलाइन सिफारिस प्राप्त गर्नु अनिवार्य हुने उल्लेख गरेको छ । यसले नागरिकता वितरण सम्बन्धी कामलाई छिटो, सजिलो र पारदर्शी बनाउने विश्वास गरिएको छ । प्रशासकीय अधिकृत जितेन्द्र कुमार पासवानले भने, 'यो कदम नागरिकताको अभिलेख व्यवस्थापनलाई प्रविधि आधारित बनाएर सेवा प्रवाहमा सुधार ल्याउने उद्देश्यले उठाइएको हो । अब नागरिकता आवेदनको लागि वडा कार्यालयको अनलाइन सिफारिस लिनु पर्नेछ ।' सेवाग्राहीहरूले अनलाइन सिफारिस प्रक्रिया बारे आवश्यक जानकारी आफ्ना स्थानीय पालिका वा वडा कार्यालयबाट लिन सक्नेछन् । यससँगै, सप्तरीमा नागरिकता सम्बन्धी भ्रष्टाचार र कागजी प्रक्रिया कम हुने र सेवाग्राहीको सहज पहुँच सुनिश्चित हुने विश्वास गरिएको छ ।
सरकारले डिजिटल सेवा प्रवाहलाई अझ व्यापक र प्रभावकारी बनाउन आगामी दिनमा थप सुधार गर्ने प्रतिवद्धता जनाएको छ ।

# जनकपुरधामलाई मांस–मद्यपान मुक्त सांस्कृतिक नगर बनाउनुपर्ने माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको हृदयस्थल तथा माता सीताको जन्मभूमि जनकपुरधाम सांस्कृतिक, धार्मिक र आध्यात्मिक चेतनाको केन्द्रको रुपमा परिचित छ । यो शहर मात्र एक धार्मिक तीर्थस्थल नभई सम्पूर्ण दक्षिण एशियाका लागि सांस्कृतिक गौरवको प्रतीक पनि हो । जनकपुरधामले प्राचीन गौरवलाई निरन्तरता दिदै भविष्यका चुनौतीहरू सामना गर्न सक्ने क्षमता राख्दछ । नागरिक समाजका अगुवा मुरली मनोहर मिश्रले जनकपुरधामको समृद्धि र सांस्कृतिक पुनरुत्थानका लागि विभिन्न सकारात्मक पहल र आवश्यक सुधारहरू अवलम्बन गर्नुपर्नेमा जोड दिएका छन् । उनका अनुसार विगतका वर्षहरूमा धार्मिक पर्यटन, सांस्कृतिक कार्यक्रमहरू, सार्वजनिक चितवन र मिथिला चित्रकला संरक्षण जस्ता पहलहरूले जनकपुरधामको सामाजिक चेतना र विकासलाई थप बलियो बनाएका छन् । मिश्रले भने, 'जनकपुरधाममा रामजानकी जलपरिक्रमा क्षेत्र विकास परियोजना शीघ्र लागू



गर्नुपर्नेछ । साथै, मांस–मद्यपान मुक्त सांस्कृतिक नगर घोषणा गरी पवित्र स्थलहरू आसपासको सुरक्षा र संरक्षणमा विशेष ध्यान दिन आवश्यक छ ।' उनी स्थानीय तह र समुदायबीच सार्वजनिक–निजी साझेदारीमा आधारित स्वच्छता अभियान सञ्चालन गरी मिथिला साहित्य, संस्कृति र कलालाई समृद्ध बनाउने योजनामा जोड दिन्छन् । उनले थपे, 'जनकपुर–अयोध्या–सीताम ढ़ी–रामेश्वरम धार्मिक सर्किटलाई व्यवस्थित गरी धार्मिक पर्यटनलाई प्रवद्र्धन गर्नुपर्छ । यसले मात्र आर्थिक लाभ नभई सांस्कृतिक एकतालाई समेत प्रगाढ बनाउनेछ ।' मिश्रले जनकपुरधामले अझै धेरै चुनौतीहरू भोग्नु परेको पनि औंल्याए । प्रमुख समस्याहरूमा पवित्र स्थलहरूमा भएको अतिक्रमण, मांस–मद्यपान विक्रेताको समस्या, अशुद्ध जल निकास र अव्यवस्थित फोहर व्यवस्थापन उल्लेखनीय छन् । साथै, मिथिला संस्कृतिलाई शिक्षा प्रणाली र सार्वजनिक जीवनमा उपेक्षित हुनु पनि चिन्ताजनक विषय हो । उनले भने, 'जनकपुरधाम केवल एक धार्मिक स्थल मात्र होइन, चेतना र संस्कृतिको धरोहर हो । यदि हामी सबै एक जुट भएर सुन्दर, स्वच्छ र समृद्ध जनकपुरधामको सपना साकार पार्न आफूबाट योगदान दिन सक्यौं भने यो नगर आफ्नो गौरव पुनः प्राप्त गर्नेछ ।' जनकपुरधामका नागरिक, प्रशासन र संघसंस्था मिलेर यी समस्याहरूको समाधान र विकासका योजना लागू गरेका यो ऐतिहासिक नगरले नयाँ युगको शुरुवात गर्ने मिश्रको विश्वास छ ।

सम्पादकीय

# मधेश सरकारको बजेट कृषिकेन्द्रित

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२–८३ का लागि राजस्व र व्यायको वार्षिक अनुमान अर्थात बजेट ल्याउँदैछ। असार १ गते प्रदेश सरकारले बजेट ल्याउनुपर्ने व्यवस्था छ । अर्थमन्त्री सुनिलकुमार यादवले आइतबार दिउँसो ४ बजे प्रदेश सभामा बजेट प्रस्तुत गर्नेछन् । गतवर्षकै हाराहारीमा बजेट ल्याउने तयारी छ । प्रदेश सरकारले केही गौरवको आयोजनालाई समेत राख्ने तयारी गरेको छ।

नीति तथा कार्यक्रमलाई नै टेकेर बजेट ल्याउने तयारी छ। बजेटमा मधेशमा कृषि उत्पादनलाई बढाउन योजनाहरु राखिएका छन्। शैक्षिक पूर्वाधार निर्माण, विज्ञान प्रविधि र नवप्रवर्तनमा जोड छ। यसलगत्तै मधेश प्रदेशमा सरकार परिवर्तनको चर्चा छ। यसैले यो बजेटलाई नेपाली कांग्रेस र नेकपा एमालेले पनि आफ्नो बजेट बनाउन खोजेको छ। अब मधेशमा कांग्रेस गठबन्धनको सरकार बन्ने पक्का छ। अहिलेका मुख्यमन्त्रीको एक वर्षे कार्यकाल सकिएको छ। बाँकी समय कांग्रेस र एमालेले पालैपालो सरकार चलाउने छन्।

यो वर्षको बजेट चैँएक महिनामा सकेको खर्च गर्नु पर्ने बाध्यता सरकारलाई छ। यो वर्ष त राम्रो गर्ने भन्दाभन्दै हरेक प्रदेश सरकारले असारमा बजेट ल्याउने र असारमै विकासका नाममा चेक काट्ने भन्दा माथि जनमत पार्टीको सरकार पनि जान नसकेको देखिन्छ।

# माओवादीको लाचार सम्झौतामा गृहमन्त्रीको खोक्रो अभिमान



प्रमोद न्यौपाने

रास्वपा र राप्रपाको अवरोधबीच गृहमन्त्री रमेश लेखक भिजिट भिसा प्रकरणमा आफूमाथि लागेको आरोपको स्पष्टीकरण दिन शुक्रबार छेकिन्छ कि भन्ने भयमा लम्किएर संसद्को रोष्टममा उक्लिए। करिब तेत्तीस मिनेट रोष्टमा बिताएर उनले आक्रोश, आवेग र उत्तेजना मात्र होइन हडवडाहट र चिच्याहटसमेत मिसाएर 'निर्दोष रहे पनि आफू विरुद्ध नियोजित र षड्यन्त्रमूलक ढङ्गले राजनीतिक आक्रमण भएको' जिकिर गरे। तर, आरोप लगाइनुका आधार र कारणलाई गतिलो तथ्य र तर्कले काट्न भने सकेनन्।

भिजिट भिसा प्रकरणलाई लिएर विपक्षी दलले गृहमन्त्रीको राजीनामा र छानबिन समितिको मागमा जेठ १३ यता संसद् अवरुद्ध गर्दै आएका थिए। मुद्दाको उठान रास्वपाले गरे पनि प्रमुख विपक्षी दल हुनुको नाताले मागको अगुवाइ माओवादी केन्द्रले गर्दै आएको थियो। तर, माओवादी केन्द्रले अन्तिम समयमा गृहमन्त्रीको राजीनामा र छानबिन समिति बेगर नै सत्तापक्षसँग शङ्कास्पद दुई बुँदे सहमति गरेपछि नैतिक जीतको मुद्रामा रोष्टम चढेका गृहमन्त्री लेखकले सुनपानी छर्केर आफूलाई पवित्र प्रमाणित गर्न त खोजे। तर, उनको त्यो प्रयास पदीय जिम्मेवारी र आचरण तथा नैतिक र लोकतान्त्रिक मूल्य–मान्यताको कसीमा प्रतिरक्षात्मक भाषण बढी र जिम्मेवार मन्त्रीको जबाफदेही अभिव्यक्ति कम थियो।

भिजिट भिसाको आवरणमा भइरहेको मानव तस्करी गम्भीर अपराध र राष्ट्रिय सुरक्षासँग जोडिएको विषय हो। यस सन्दर्भमा, गृहमन्त्रीको कर्तव्य व्यक्तिगत आरोपको खण्डन गर्नु मात्र होइन, समग्र समस्याको गहिराइमा पुगेर त्यसलाई निर्मूल पार्न सरकारले चालेका कदमबारे सदन र जनतालाई आश्वस्त पार्नु पनि हो। तर, मन्त्री लेखकको स्पष्टीकरण व्यक्तिगत बचाउमा यति केन्द्रित भयो कि, उनले यो प्रकरणका पीडित नागरिक र यसले राष्ट्रलाई पारेको असरबारे खासै संवेदनशीलता देखाएनन्। जबाफदेहिताको मर्म भनेको 'म निर्दोष छु' भन्नु मात्र होइन, 'मेरो नेतृत्वमा रहेको मन्त्रालयमा यस्तो हुन नदिन म यसो गर्दै छु' भनेर प्रस्ट पार्नु पनि हो। तर, मन्त्री लेखकले 'मेरो कार्यकालमा मात्र हो र, अरू मन्त्री हुँदा पनि त चलेकै थियो नि' भनेर उम्किने बाटो रोजे।

उनले भने, 'अन्य मन्त्रीज्यूको पालामा यस्तै र योभन्दा बढी नै रहेको तथ्याङ्कले देखाएको छ । जुन अफवाह फैलाएर मेरो कार्यकालमा अत्यधिक भिजिट भिसामा गएको भन्ने भाष्य सिर्जना गरिएको छ। भिजिट भिसा कुनै मन्त्रीले घटाउने वा बढाउने होइन ।' गृहमन्त्रीले 'भिजिट भिसा कुनै मन्त्रीले घटाउने वा बढाउने होइन' त भने तर वर्ष र बाहिरिनेको संख्या प्रस्तुत गर्दै आफ्नोभन्दा अरू मन्त्रीको कार्यकालको तथ्याङ्क बढी छ भनेर जिद्दी गरिरहे । संसद्को रोष्ट्रममा उभिएर बोल्ने मन्त्रीबाट संयमित र मर्यादित शैली एवं तथ्यपरक विषय र सन्दर्भको अपेक्षा हुन्छ नै । तर, गृहमन्त्री लेखकको प्रस्तुति आक्रामक, उत्तेजित र विशेषतः रास्वपाप्रति असहिष्णु थियो। गृहमन्त्री लेखकले पार्टीको नामै त लिएनन् तर, त्यसको कार्यालयबाट आफू विरुद्ध जाहेरी दिन किर्ते काम गरिरहेको गम्भीर आक्षेप लगाए । उनले धम्कीपूर्वक भने, 'केही पार्टीका कार्यालयमा नक्कली पीडितलाई बोलाएर, तथाकथित जाहेरी लेखेर मेराविरुद्ध विभिन्न ठाउँमा दर्ता गर्ने कुचेष्टा भइरहेका छन् । त्यस्तो किर्ते, जालसाज र अमर्यादित काम गरेर राजनीतिक अभीष्ट पूरा गर्न खोज्नेलाई कारबाही हुन्छ।'

नैतिक रूपमा, जब कुनै मन्त्रीमाथि गम्भीर आरोप लाग्छ, उसले आफूलाई छानबिनको दायराभन्दा माथि राख्नु हुँदैन । निष्पक्ष छानबिनका लागि मार्ग प्रशस्त गरेर आफ्नो नैतिक उचाइ देखाउनु पर्नेमा प्रमुख प्रतिपक्षसँग दुई बुँदे सहमति भएसँगै राजीनामाको खड्गो टरेपछि मन्त्री लेखकले आफ्नो राजीनामा माग्नेलाई उल्टै प्रतिप्रश्न गरेर लकारे।

'हिजोका दिनमा कतिपय मन्त्री पदासीन रहँदा मन्त्रालयअन्तर्गतका विभिन्न निकायमा भ्रष्टाचारजन्य अनुसन्धान र कारबाही हुँदा कति मन्त्रीहरूले राजनीनामा दिनुभएको थियो ? जवाफ दिने नैतिक तागत कोसँग छ ? गृहमन्त्रीले प्रश्नमाथि प्रश्न थपिरहे । विपक्षी दलले विमानस्थल अध्यागमन कार्यालयका प्रमुख तीर्थराज भट्टराई अख्तियारको नियन्त्रणमा परेपछि गृहमन्त्रीका शङ्कास्पद क्रियाकलापको आधारमा संलग्नताको आशङ्का र संरक्षणको दाबीसहित छानबिनको माग गर्दै आएका थिए । तर, मन्त्री लेखकले अख्तियारले छानबिन गरिरहेको भन्दै अर्को संयन्त्र आवश्यक नपर्ने जिकिर गरे।

गृहमन्त्रीले भने, 'कुनै पनि राष्ट्रसेवकले गर्ने भ्रष्टाचारजन्य कामको अनुसन्धान, अभियोजनलगायत कार्य गर्न सक्षम संवैधानिक निकाय छ । उसले गर्ने काम–कारबाहीलाई कमजोर पार्ने र स्वयं आयोगलाई समेत अनुसन्धानमा प्रभावित पार्ने कार्य कतैबाट गरिनुहुन्न भन्ने विषयमा म स्पष्ट छु ।' विपक्षी दलले तीर्थराज भट्टराईलाई नियन्त्रणमा लिएपछिको अनुसन्धान अख्तियारले जारी राखे पनि भिजिट भिसासँग मानव तस्करीजस्तो संगठित फौजदारी अपराध पनि जोडिएकाले त्यसको अनुसन्धान अख्तियारले गर्न नसक्ने भन्दै छुट्टै छानबिन संयन्त्रको माग गर्दै आएका थिए । तर, गृहमन्त्री लेखकले फौजदारी कसुर आकर्षित हुने छानबिनलाई अस्वीकार गरिदिए।

सुशासनको महत्त्वपूर्ण स्तम्भ पारदर्शिता र उत्तरदायित्व हो । जब सरकार वा मन्त्रीका काम–कारबाहीमाथि संसदमा प्रश्न उठ्छ, त्यसको निष्पक्ष छानबिन हुनु लोकतान्त्रिक पद्धतिको सौन्दर्य हो। सरकार, सत्तारुढ दल र आरोप लागेका मन्त्रीले छानबिनलाई ठाडै अस्वीकार गर्नु भनेको कार्यपालिकाले व्यवस्थापिकाप्रतिको आफ्नो उत्तरदायित्वलाई बेवास्ता गर्नु हो। यो शक्ति पृथकीकरण एवं नियन्त्रण र सन्तुलनको सिद्धान्त विपरीत छ।

लोकतन्त्रमा कोही पनि कानूनभन्दा माथि र कुनै पनि निकाय छानबिनभन्दा पर हुँदैन भन्ने मान्यता विपरीत गृहमन्त्री लेखकले आफ्नो राजीनामाको मागलाई संविधान र संघीयताप्रति आफ्नो प्रतिबद्धतासँग जोडेर प्रश्नात्मक उपव्याख्याको प्रयास समेत गरे । 'मैले यो व्यवस्था जोगाउनुपर्छ, संघीयता, लोकतन्त्र र गणतन्त्रलाई फाल्न पाइँदैन, यो संविधान च्यात्न पाइँदैन भनेर दृढतापूर्वक उभिइरहँदा मेराविरुद्ध आक्रमण हुने ?' उनको प्रश्न थियो।

गृहमन्त्री लेखकले २०६४ सालमा श्रम मन्त्री हुँदा वैदेशिक रोजगार ऐन ल्याएर वैदेशिक रोजगारका नाममा हुने मानव तस्करी नियन्त्रणमा अहंम भूमिका खेल्ने आफूलाई भिजिट भिसाको बहानामा मानव तस्करीको समेत आरोप लगाइनु सह्य नहुने बताए । आफू २०६४ सालमा श्रम मन्त्री हुँदा आएको वैदेशिक रोजगार ऐन र त्यही बेला चार वटा देशसँग भएको श्रम सम्झौतालाई लेखकले सरकारको होइन आफ्नै व्यक्तिगत उपलब्धि झैं (कु) व्याख्या गरे। मानौँ, त्यस बेला रमेश लेखकको सट्टा अर्को कोही श्रम मन्त्री भएको भए ती काम हुँदै हुँदैनथ्यो।

वेल घेरेर नाराबाजी गरिरहेका अघिल्लो सरकारका श्रम मन्त्री डीपी अर्यालतर्फ संकेत गर्दै उनले खिसिट्युरीसहित प्रश्न गरे, 'मन्त्री बन्नुभएका माननीय सदस्य यहीँ हुनुहुन्छ, उहाँले मन्त्री हुँदा वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न के गर्नुभयो ?' ठीक एक वर्षअघि सहकारी प्रकरणमा तत्कालीन उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेविरुद्ध संसदीय छानबिन विशेष समितिको मागमा लेखकले संसदमा आक्रामक गतिविधि देखाएका थिए । रास्वपाले भिजिट भिसा प्रकरणमा त्यसकै बदला लिएको ठानेर पनि होला गृहमन्त्री लेखक रास्वपाप्रति आक्रामक र आक्रोशित देखिएका, सुनिएका थिए। रास्वपाका सभापति एवं पूर्व गृहमन्त्री रवि लामिछानेसँग जोडेर आफूलाई तुलना नगर्न आग्रह गर्दै उनले भने, 'तत्कालीन गृहमन्त्रीज्यूको हकमा किटानी जाहेरी परेको थियो। त्यसमा स्वयं प्रहरीले अनुसन्धान गरिराखेको थियो।

उहाँले पनि राजीनामा गर्नुभएको होइन, छानबिन अगाडि बढेको अवस्था हो । मेरा राजीनामा माग्दै हुनुहुन्छ, यो राजनीतिक, नैतिक, वैधानिक कुनै आधारमा पनि युक्तिसंगत छैन ।' गृहमन्त्री लेखकले सहसचिव तीर्थराज भट्टाईलाई आफूले विमानस्थल अध्यागमन कार्यालय पठाएको त स्वीकारे तर उनलाई गृह मन्त्रालयमा अरू नै मन्त्रीले भित्र्याएको भन्दै भित्र्याउने पो दोषी भन्ने हदको (कु)तर्क गरे । 'निज सहसचिवले यसअघि मन्त्रालयका महत्त्वपूर्ण विभाग र प्रमुख जिल्ला अधिकारीको रूपमा काम गरिसक्नुभएको छ, जो मभन्दा अगाडिका माननीय मन्त्रीज्यूहरूबाट खटनपटन भएको थियो' दोष पन्छाउने उद्देश्य साथ गृहमन्त्रीले संसदमा भने।

प्रक्रियामाथिको प्रहार, तथ्यमाथिको मौनताः गृहमन्त्री लेखकले आरोपको तथ्यगत खण्डन गर्नुभन्दा बढी आरोप लगाउनेको नियत र प्रक्रियामाथि प्रश्न उठाए । गृहमन्त्री लेखकले एक जनाको बढुवापछि अख्तियारमा दुई जना डीआइजी भएको भन्दै एक जनाको अन्तै पदस्थापना गरिएको दाबी गरे। भिजिट भिसाको अनुसन्धान सुरु भए लगतै अख्तियारका डीआइजी हिमालयकुमार श्रेष्ठको सरुवा भएपछि, अनुसन्धान प्रभावित पार्न सरुवा गरिएको भन्दै गृहमन्त्रीको आलोचना भएको थियो । त्यसबारे सदनमा जवाफ दिँदै गृहमन्त्रीले भने, 'एकजना डीआइजी त्यहीँ कार्यरत हुनुहुन्थ्यो । त्यहाँ रहेका एसएसपी पनि प्रोमोसन भएर डीआइजी हुनुभयो । अनि, अख्तियारमै दुईजना डीआइजी भएपछि एक जनालाई सार्नु परेन त। के तपाईं भएको भए दुबै जना डीआइजी राख्नु हुन्थ्यो।'

गृहमन्त्रीको दाबी सहि हो भने पनि प्रश्न त उठ्छ, एसएसपीबाट बढुवा हुनेको अन्त पदस्थापना गरिन्छ कि दरबन्दीमै रहेका नियमित डीआइजीको अनि, बिहान सरुवा र आलोचनापछि साँझ थमौती चाहिँ किन गरियोरु गृहमन्त्रीले सदनमा स्पष्ट पारेनन् । उनले तीर्थराज भट्टराईलाई अख्तियारले नियन्त्रणमा लिए लगत्तै विमानस्थल अध्यागमन कार्यालयका १३ नायव सुब्बाको किन एकैपटक सरुवा गरियो भन्नेबारे पनि सदनमा केही बताएनन् । अब गृहमन्त्रीको स्पष्टीकरण अभिव्यक्तिलाई केही कोणबाट थप केलाऔँ।

प्रतिरक्षात्मक आक्रामकताः मनोविज्ञानमा, जब कोही व्यक्ति आफूमाथि लागेको आरोपबाट अत्यधिक असुरक्षित महसुस गर्छ, उसले शान्त र तथ्यपरक जवाफ दिनुको सट्टा आक्रामक शैली अपनाउँछ । मन्त्री लेखकको अभिव्यक्तिमा देखिएको आक्रामकतालाई धेरैले उनको आत्मविश्वासको सट्टा कमजोरीको सङ्केतका रूपमा बुझे । 'उत्तम रक्षा भनेको आक्रमण हो' भन्ने रणनीतिले राजनीतिक मैदानमा काम गरे पनि सार्वजनिक विश्वास जित्न सधैँ सफल हुँदैन।

प्रक्रियामाथिको प्रहार, तथ्यमाथिको मौनताः गृहमन्त्री लेखकले आरोपको तथ्यगत खण्डन गर्नुभन्दा बढी आरोप लगाउनेको नियत र प्रक्रियामाथि प्रश्न उठाए । अनि, आफूमाथिको आरोपलाई 'राजनीतिक प्रतिशोध' र 'सरकारलाई बदनाम गर्ने षड्यन्त्र'को लेपन लगाए। जब कुनै व्यक्तिले आफूमाथि लागेको आरोपको विषयवस्तुमा प्रवेश नगरी आरोप लगाउनेको नियतमाथि मात्रै प्रहार गर्छ, तब उसले मूल प्रश्नबाट भाग्न खोजेको हो कि भन्ने आशङ्का उब्जिन्छ।

छानबिनबाट उन्मुक्तिको आशाः आरोप सत्य हो वा मिथ्या भनेर छुटाउने सबैभन्दा उत्तम विधि भनेको निष्पक्ष छानबिन हो । यदि आफू निर्दोष छु भन्ने प्रमाणित गर्ने चाहना हो भने गृहमन्त्रीले 'म कुनै पनि छानबिनका लागि तयार छु, बरु संसदीय समिति बनाएर सत्य तथ्य बाहिर ल्याइयोस्' भनेर चुनौती दिन सक्नुपथ्र्यो । तर, छानबिन समितिको मागलाई नै अस्वीकार गर्दा कतै केही लुकाउन खोजिएको त होइन ? भन्ने आम आशंकालाई बल पुगेको छ।

आत्मप्रसंशाको दम्भः गृहमन्त्रीको प्रस्तुतिमा एक प्रकारको दम्भ देखिन्थ्यो, जसले उनी संसद् र सांसदहरूलाई जवाफ दिनुभन्दा पनि पाठ पढाउन खोज्दै छन् भन्ने सन्देश गयो । उनी एक आरोपितका रुपमा होइन अभिभानीका रुपमा प्रस्तुत भए। यो शैलीले सांसदहरू र आमनागरिकलाई विश्वासमा लिनुको सट्टा झनै चिढ्याउने काम गरेको छ।

सारमा, गृहमन्त्री लेखकले संसदमा दिइएको स्पष्टीकरण पदीय जिम्मेवारी र लोकतान्त्रिक जबाफदेहिताको दृष्टिकोणले अत्यन्तै कमजोर र तथ्यहरुको ढाकछोपमा केन्द्रित थियो । त्यो कुशल राजनीतिक वक्ताको हडवडाहटपूर्ण प्रतिरक्षात्मक भाषण थियो, तर एक जिम्मेवार र नैतिकवान् गृहमन्त्रीको पारदर्शी जवाफ थिएन। व्यक्तिगत आरोपको खण्डन गर्ने हतारोमा उनले लोकतान्त्रिक प्रक्रिया, सुशासनको मर्म र पदीय आचरणका आधारभूत मान्यतालाई नजरअन्दाज गरे। यही कारणले गृहमन्त्रीको स्पष्टीकरणले उठेका प्रश्नहरूलाई शान्त पार्नुको सट्टा, नयाँ आशंकालाई बढाएको छ। राजीनामा र छानबिनको अडानमा रहेको माओवादी केन्द्रको अप्रत्याशित 'युटर्न'ले त झन् सत्ता र प्रमुख विपक्षीको चोचोमोचो र गणितीय शक्तिको बलमा ठूला काण्डहरु यसरी नै सामसुम पारिने त होइन भन्ने आशंकालाई झन् बल दिएको छ।

# एआईः नेपालका सांसदलाई छैन चासो



किरण दहाल

न्युजिल्यान्डकी एक राजनीतिज्ञले गत मेमा संसद्मै आफ्नै नग्न तस्वीर देखाइन् । तर यो तस्वीर उनी आफैले बनाएको 'डिपफेक' थियो । नक्कली तस्वीर बनाउन कति सजिलो छ र कति हानिकारकसमेत हुन्छ भनेर देखाउन उनले यसो गरेकी थिइन् । तस्वीर बनाउने सांसद थिइन्– एसीटी पार्टीबाट सांसद निर्वाचित लौरा म्याकक्लुर।

म्याकक्लुरले गुगलमा नक्कली तस्वीर बनाउन सकिने एआई खोजिन् । त्यो तस्वीर बनाउन उनलाई केही मिनेट मात्र लाग्यो । उक्त तस्वीर गत मे १४ को बैठकमा सबै सांसदका सामुन्ने देखाइन्, जसमा शरीरका केही भाग 'ब्लर' गरिएको थियो।

तस्वीर देखाउँदै म्याकक्लुरले संसदमा भनिन्, 'यो तस्वीरलाई हामी डिपफेक भन्छौँ। मलाई आफ्नो डिपफेक बनाउन ५ मिनेट पनि लागेन । डरलाग्दो कुरा, मैले गुगलमा यो प्रविधि फेला पारेँ। जब मैले फिल्टर बन्द गरेर डिपफेक वा न्युडिफाई खोजेँ, सयौँ वेबसाइटहरू देखा परे।' पछि उनले सोसल मिडियामा एक भिडियो पोस्ट गरिन् । त्यसमा भनेकी छिन्, 'मैले संसद्का अन्य सदस्यलाई यी नक्कली तस्वीर बनाउन कति सजिलो छ र यसका कारण कति हानि र दुव्र्यवहार भोग्नुपरेको छ भनेर देखाएँ– विशेषगरी न्युजिल्यान्डका युवायुवतीलाई।'

प्रविधि आफैमा समस्या नभए पनि मानिसले दुरूपयोग कसरी गरिरहेका छन् भन्नेचाहिँ महत्त्वपूर्ण पक्ष रहेको उनको भनाइ छ । 'योसँग जुध्न हाम्रा कानून परिवर्तन गर्न आवश्यक छ,' उनले भनेकी छन् । म्याकक्लुरले हालै न्युजिल्यान्डको संसद्मा 'डिपफेक डिजिटल हार्म एण्ड एक्सप्लोइटेशन बिल' समेत दर्ता गरेकी छिन् । यस विधेयकले अरूजस्तो देखिने नक्कली वा सम्पादित तस्वीरसम्बन्धि प्रावधान राखेको छ।

सम्बन्धित व्यक्तिको अनुमतिबिना त्यस्ता तस्वीर बनाउनु वा डिपफेकमार्फत कसैको यौनजन्य तस्वीर बनाउनुलाई विधेयकले आपराधिक क्रियाकलाप मानेको छ। बिधेयक पास हुन त्यहाँको 'हाउस अफ रिप्रिजेन्टेटिभ'का हाल १२३ सदस्यमध्ये ६२ जनाको समर्थन हुनुपर्छ। न्युजिल्यान्डमा डिपफेक भिडियो बनाएर मानिसको चरित्र हत्या गर्ने प्रवृत्ति बढेको न्युज एजेन्सीहरूको रिपोर्ट छ । प्रायः कलेजका विद्यार्थीले डिपफेक प्रविधि प्रयोग गरेर अन्य विद्यार्थीको नक्कली अश्लील तस्वीर इन्टरनेटमा हाल्ने गरेका छन् । एआई मार्फत नग्न तस्विर तयार पारेर विशेषगरी महिलालाई अनलाइन धम्की दिइएको विज्ञहरू बताउँछन्।

एक अनलाइनमा लेखिएको छ, 'सयौँ मानिस डिफफेक तस्वीरबाट पीडित भइसकेका छन्। यसले धेरैलाई विक्षिप्त तुल्याएको छ । उनीहरूले सामान्य जीवनमा फर्किनसमेत साथ नपाउन सक्छन्। यसले कतिपयलाई जीवनभर असर पार्नसक्छ ।' समाजमा एआईको प्रभाव तीव्र छ । संसारका कतिपय मुलुकका संसद्मा यसबारे गहन छलफल हुन थालेको छ। कतिपय मुलुकले कानून नै बनाइसके। दक्षिण कोरियाको संसद्ले केही महिनाअघि मात्र एआईसम्बन्धी कानून पास गरेको छ।

दक्षिण कोरियाको राष्ट्रियसभाले २०२४ डिसेम्बर २६ मा 'एआई बेसिक एक्ट' पास गरेको हो। गत जनवरी २१ देखि यो लागूसमेत भइसकेको छ । ऐनमा सरकारले व्यवसाय, विज्ञान र शिक्षाजस्ता क्षेत्रमा एआईको विकासमा मद्दत गर्न राष्ट्रिय योजना बनाउनु पर्ने, एआईले मानव अधिकारको सम्मान गर्नुपर्ने, एआईले हानि पु¥यायो वा नियम तोड्यो भने सरकारले हस्तक्षेप गर्नुपर्नेलगायत प्रावधान समेटिएको छ।

ब्राजिलमा एआईसम्बन्धी कानून पास हुने चरणमा छ । २०२५ मार्च १७ मा ब्राजिलको सिनेटले एआईलाई नियमन गर्ने सम्बन्धी विधेयकलाई समीक्षाको लागि 'चेम्बर अफ डेपुटिज'मा पठाएको छ । सिनेटले २०२४ डिसेम्बर १० मै विधेयक अनुमोदन गरिसकेको थियो । हुन त ब्राजिलले एआई सम्बन्धि कानून बनाउने तयारी सन् २०२२ देखि नै गरेको थियो । २०२२ फेब्रुअरीमा सिनेटका अध्यक्ष रोड्रिगो पाचेकोले एआई कानूनका लागि मार्गदर्शनको मस्यौदा तयार गर्न कानूनविज्ञहरूको समिति गठन गरेका थिए। विधेयकले जनताको अधिकारको रक्षा र जोखिम व्यवस्थापन गर्ने लक्ष्य राखेको छ। एआईको काममा मानव पर्यवेक्षणलाई पनि अनिवार्य बनाएको छ । उज्वेकिस्तानको संसद्ले एआई विधेयकलाई अनुमोदन गरिसकेको छ । अहिले त्यहाँको तल्लो सदन ९लेजिस्लेटिभ च्याम्बर अफ द ओली मजलिस० मा विधेयकमाथि छलफल चलिरहेको छ । यसले एआईको उचित प्रयोगलाई मार्गदर्शन दिनुको साथै व्यक्तिगत डेटाको रक्षासमेत गर्न मद्दत पु¥याउने बताइन्छ।

प्रस्ताविक कानूनले एआईलाई व्याख्या गर्नुका साथै सरकारले एआईलाई कसरी समर्थन र व्यवस्थापन गर्नेछ भनेर पनि व्याख्या गरिएको छ । कानूनले एआईबाट निर्माण गरिएको फोटो, भिडियो, अडियो लगायतका सामग्रीलाई स्पष्ट रूपमा 'एआईबाट निर्माण गरिएको हो' भनेर खुलाउनुपर्ने बताएको छ । एआईमार्फत मानिसको अधिकार, स्वास्थ्य, स्वतन्त्रता वा मर्यादालाई हानि पु¥याउन नहुने प्रावधानसमेत राखिएको छ।

उदीयमान प्रविधिको अनियन्त्रित प्रयोगले विश्वभर चिन्ता थपिएको बेला उज्वेकिस्तानमा यो विधेयकलाई चासोका साथ हेरिएको छ । गत अप्रिलमा विधेयक संसद्मा दर्ता भएको थियो । एआईलाई संसदमा कसरी उपयोग गर्ने भनेर सभामुखहरूले समेत चासो राख्न थालेका छन्। गत मे २१ मा बेलायतको 'ओभरसिज टेरिटोरी' (एङ्गुइला, बर्मुडा, ब्रिटिश भर्जिन आइल्यान्ड, फोकल्यान्ड टापु, जिब्राल्टर, मोन्टसेराट, सेन्ट हेलेना र बेलायत)का सभामुखहरू भेला भएर संसद्मा एआईको प्रयोग कसरी गर्न सकिन्छ भनेर छलफल चलाए।

कार्यक्रममा सभामुखहरूले एआईको सकरात्मक र नकरात्मक दुवै पक्षबारे आफ्नो धारणा राखेका थिए । ब्रिटिश भर्जिन आइल्यान्डकी सभामुख कोरिन एन । जर्ज–मासिकोटले डिपफेकबारे चिन्ता व्यक्त गरेकी थिइन् । सांसदका आवाज र अनुहार परिवर्तन गरिएको वा नक्कली बनाएर सोसल मिडियामा पोस्ट गरिएको उनको भनाइ थियो । जिब्राल्टरकी सभामुख करेन रामागेले एआईमार्फत सिर्जना भइरहेको सामग्रीको विश्वसनीयतामाथि प्रश्न गरेकी थिइन् । सिंगापुरमा एआईलाई मात्र केन्द्रित गरेर कानून बनेको छैन, तर त्यहाँको संसद्मा एआईले निम्त्याएका अवसर र चुनौतीका विषयमा बेलाबेला कुरा उठ्छ। सांसद तान वू मेङले २०२४ फेब्रुअरीमा त्यहाँको संसदमा एआईमाथि गरेको भाषणले संसारभर चर्चा पाएको थियो।

एआईले समाजमा चुनौती थपेको बताउँदै मेङले एआईबाट मुलुक अलग्गिएर बस्न नसक्ने बताएका थिए । उनको भनाइ थियो, 'एआईले ल्याएको परिवर्तनबाट कुनै पनि मुलुक वा अर्थतन्त्र टाढिएर बस्न सक्दैन । त्यसैले हामीले संसारमा भइरहेको परिवर्तनलाई स्वीकार गर्नुपर्छ र हाम्रा मानिसलाई मद्दत गर्न, क्षमतावान बनाउन र माथि उकास्न ध्यान दिनुपर्छ।' एआईले पछिल्लो केही वर्षमै समाजमा ठूलो बद्लाब ल्याइसकेकाले ४० वर्षभन्दा माथिका मानिसलाई पुनः औपचारिक शिक्षा दिनुपर्ने उनले बताए। एआईबारे सबै उमेरका मानिसले शिक्षा लिन आवश्यक भइसकेको मेङको भनाइ थियो।

'४० वर्ष र सोभन्दा माथिका सिंगापुरवासीलाई उच्च शिक्षामा अर्को पूर्ण–समय डिप्लोमा गर्न बजेट उपलब्ध गराउनु आवश्यक छ,' उनले भनेका थिए, 'त्यसरी शिक्षा दिइयो भने सबैले अहिलेका परिवर्तनलाई स्वीकार गर्छन्। नयाँ शिक्षाले मध्यम उमेरका र वृद्ध कामदारलाई समेत सहयोग पु¥याउँछ।' मेङले भनेजस्तै एआईले ल्याएको परिवर्तन विश्वका सबै मुलुकले भोगिरहेका छन् । नेपाल पनि यसको प्रयोग भएको छ । एआईमार्फत बनाइएका भिडियो, फोटो, अडियोलगायत सामग्री सोसल मिडियामा देख्न पाइन्छ। तर संसद्मा यस सम्बन्धी बहस सुनिँदैन।

आर्थिक वर्ष २०८०र८१ को बजेटमाथि छलफल हुने क्रममा केहीकेही सांसदले एआईलाई सोसल मिडियासँग जोडेर चर्चा गरेका थिए, तर त्यो छलफलले पनि निरन्तरता पाएन । त्यति बेला माओवादी सांसद माधव सापकोटाले भनेका थिए, 'विकसित प्रविधिअनुसार आफूलाई विकास गर्ने कुरा हाम्रा लागि चुनौती छ । युट्युब र सामाजिक सञ्जालहरूको नियमन र व्यवस्थापन गरिसक्न नपाउँदै च्याट जीपीटी र गुगलजस्ता अरू नयाँ प्रविधि र एआई आएका छन्। तिनले उत्पादन गर्ने विषय हे¥यो भने मान्छेलाई दिग्भ्रमित बनाउने प्रकारका छन्।'

रास्वपा सांसद असिम शाहले बजेटले प्रविधिको प्रयोगलाई समेट्न नसकेको बताएका थिए । उनको भनाइ थियो, 'आजको विश्व एआई र इन्टरनेटमा निर्भर छ । एकातर्फ हाम्रो दैनिक इन्टरनेटका कारण सहज बन्दै गएको छ भने अर्कोतिर यसको सुरक्षित उपयोग नहुँदा यो हाम्रा निम्ति खतरा बनिरहेको छ।' संसद्मा सांसदलाई बोल्न विभिन्न समय छुट्याइएको हुन्छ । उनीहरूले शून्य समय, विशेष समय वा अरू बेला पनि सभामुखसँग समय मागेर बोल्न सक्छन्।

शून्य समयमा सांसदलाई १ मिनेट मात्र समय दिइन्छ, तर विशेष समयमा लामो समय लिन पाउँछन्। त्यस्तो बेलामा पनि एआईका विषयमा सांसदहरूले बोलेको सुनिँदैन। बजेटमाथिको छलफलमा होस् वा मन्त्रालयसँग प्रश्नोत्तर हुँदा होस्–एआईको मुद्दा सांसदको प्राथमिकतामा पर्दैन । कहिलेकाहीँ बैठकमा 'बिजनेश' नभएको चर्चा चल्छ, तर एआईमाथि छलफल गर्नु पनि बिजनेश हो भन्ने ठानिँदैन।

# विश्वविद्यालय सुधारका लागि राजनीतिक दलहरूका शीर्ष नेतृत्वको प्रतिवद्धता आवश्यक : नैनसिंह महर



**काठमाडौं ।**
नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं शिक्षा विभाग प्रमुख नैनसिंह महरले विश्वविद्यालय र समग्र शिक्षा प्रणाली सुधारका लागि राजनीतिक दलहरूका शीर्ष नेतृत्वको प्रतिवद्धता आवश्यक रहेको बताएका छन्।

नेपाल पब्लिक क्याम्पस संघले ललितपुरमा आयोजना गरेको सामुदायिक क्याम्पसहरूको दिगोपन र उत्कृष्टता सम्बन्धी राष्ट्रीय संवाद कार्यक्रमलाई सम्बोधन गर्दै महरले सबै दलको शीर्ष नेतृत्वको सामूहिक प्रतिवद्धताबाट मात्र शिक्षा क्षेत्रमा अपेक्षित सुधार हुने बताएका हुन्।

'शिक्षामा मनग्य लगानी गरेका देशहरूमा पनि आसातित प्रगति हासिल गर्न सकिएको छैन। हाम्रोमा त लगानी नै कम छ। यहीबीच नेपालका विश्वविद्यालयको कुरा गर्दा म नेविसंघको अध्यक्ष हुँदा तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वविद्यालयका पदाधिकारीहरूको नियुक्ति खुला प्रतिष्पर्धाबाट हुनुपर्छ भनेर माग गरेका थियौं। त्यो माग सम्पूर्ण रुपले कार्यान्वयन नभए पनि बामे सरेर अगाडि बढेको छ', उनले भने।

कुनै विषय राजनीतिबाट सम्पूर्ण रुपमा अलग हुन नसक्ने धारणा राख्दै महरले विश्वविद्यालयको शिक्षामा चरम दलीयकरण हुन नहुनेमा आफू प्रष्ट रहेको बताए।

'सामुदायिक क्याम्पस समाजको समग्र शैक्षिक समस्याको पहिचान गरेर जनता स्वयमले स्थापना गरेका क्याम्पस हुन्। अहिले ३० प्रतिशत बढी विद्यार्थी अध्यन गरिरहेका सामुदायिक क्याम्पसले ग्रामिण क्षेत्रमा जागरण र शिक्षामा जनताको पहुँच स्थापित गर्ने कार्यमा महत्त्वपूर्ण योगदान दिएका छन्,' उनले भने।

यस्तै शिक्षाभित्रको दलीय करण रोक्न पार्टीका शीर्ष नेताहरूको प्रतिवद्धतासँगै कार्यान्वयन आवश्यक रहेको उनले बताए। शिक्षाभित्रको राजनीतिकरणका सन्दर्भमा महर थप्छन्, 'विद्यार्थी संघ संगठनका नेताहरू पनि पार्टीका नेता हुन्। प्राध्यापकका संघ संगठन पनि दलसँग आवद्ध छन्। अन्य कर्मचारी युनियन पनि कुनै न कुनै रुपमा दलसँगै आवद्धता हुन्छन्। विश्वविद्यालयका प्रमुख पदहरूमा नियुक्तिका प्रावधान, करिकुलम निर्माण र पूर्वाधार निर्माणको विषय पनि राजनीतिको संलग्नता प्रत्यक्ष, अप्रत्यक्ष रुपमा त हुन्छ नै। राजनीतिको यस्तो संलग्नता हुँदा पनि विश्वविद्यालयलाई दलीय करणबाट टाढा राख्न सबै दलका शीर्ष नेताहरूले एक ठाउँमा उभिएर प्रतिवद्धता व्यक्त गरेर कार्यान्वयन गर्नै पर्छ ।'

# विद्यालय शिक्षाको अधिकार स्थानीय तहमा रहने



**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले विद्यालय शिक्षाको अधिकार स्थानीय तहमा रहनेगरी कानुन तर्जुमा गरिने स्पष्ट पारेका छन ।प्रतिनिधिसभाअन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको शनिवार को बैठकमा विद्यालय शिक्षाका सम्बन्धमा सरकारको धारणा प्रस्तुत गर्दै उनले विद्यालय शिक्षा केन्द्रमा ल्याउने सरकारको कुनै योजना नरहेको बताए ।

मन्त्री पन्तले भने, 'माध्यमिक तहसम्मको शिक्षा पालिका तहको अधिकार क्षेत्रभित्र पर्छ भन्नेमा हामी ढुक्क हुनुपर्छ । शिक्षक सङ्गठनले उठाएका मर्यादासहितका कतिपय पक्षमा पालिका नेतृत्वले ध्यान पु¥याउनेछ, एसइई परीक्षा सञ्चालनको अधिकार भने प्रदेशलाई दिन उपयुक्त हुनेछ ।'

शिक्षा इकाइलाई तीन तहको समन्वयका साथ काम गर्ने संरचना बनाउन उपयुक्त हुने धारणा व्यक्त गर्दै मन्त्री पन्तले भने, 'स्थानीय तहमा तत्काल शिक्षक भर्ना र सरुवाको अधिकार चाहिन्छ भन्ने र शिक्षकहरूले आफ्नो वृत्तिविकासमा बाधा पु¥याउन पाइँदैन भन्ने विषय आएका छन् ।' विद्यालय शिक्षा स्थानीय तहको क्षेत्राधिकार भए पनि उठाइएका प्रश्नका आधारमा व्यवस्थित बनाउन तथा तीनै तहका सरकारका बीच संयोजन गर्न शिक्षा इकाइ राख्ने सन्दर्भमा योजना बनाइएको उनले बताए । विद्यालय शिक्षा विधेयकका विषयसँग जोडिएर विगतमा भएका सहमति र उठाइएका मागलाई सम्बोधन गर्न हरसम्भव प्रयत्न भइरहेको बताउँदै मन्त्री पन्तले मुलुकको आर्थिक अवस्थालगायत कारणले बाल विकासलाई हाल एकवर्षे कार्यक्रमका रूपमा लागू गर्न उपयुक्त हुने विचार व्यक्त गरे ।

यसअघि समितिका सदस्यहरूले विगतमा सरकारी विद्यालयमा शिक्षाको गुणस्तर कायम हुन नसक्दा छात्रछात्रा कम भई विद्यालय गाभ्न पर्ने अवस्था आएको, गुणस्तरीय शिक्षा उपलब्ध नभएको अवस्थामा योग्य जनशक्ति उत्पादन गर्न नसकिने विषयमा सरकारको ध्यान पुग्न नसकेको धारणा राखे ।

उहिरूले विद्यालय शिक्षा विधेयकलाई शीघ्र अघि बढाउन, सरकार र समितिबीच गहन छलफल गरी अघि बढ्नुपर्ने तथा विद्यार्थीको भविष्य र विद्यालय शिक्षा सुधार्न सबै पक्षबीच सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिए । रासस

# एक महिनाभित्र भिजिट भिषामा छानबिन समिति बन्छः प्रचण्ड



**झापा ।**
नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले अहिलेको राजनीतिक संघर्ष यथास्थितिवाद, दलाल पुँजीवाद र गणतन्त्रविरोधी शक्तिहरू विरुद्ध लड्नुपर्ने अवस्था आएको बताएका छन् ।

झापाको दमकमा आयोजित कोच, धिमाल, मेचे, सन्थाल, झाँगड र उराऊसहित पाँच वटा मोर्चाको संयुक्त सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले सो कुरा बताएका हुन् ।

अध्यक्ष प्रचण्डले भने 'हामी यथास्थितिवाद र प्रतिगमन विरुद्धको लडाइँमा छौं। एकातिर दलाल पुँजीवादीहरूको घेराबन्दी छ भने अर्कातिर गणतन्त्रको विरोधमा सक्रिय प्रतिक्रियावादी शक्तिहरूको चुनौती छ। हामी यसका विरुद्ध दृढतापूर्वक लड्नुपर्नेछ ।'

प्रचण्डले पछिल्लो समय संसद अवरोध गर्नुको उद्देश्य सरकार फाल्ने नभई भ्रष्टाचारविरुद्ध सुशासनको मुद्दालाई प्राथमिकता दिलाउने रहेको स्पष्ट पारे ।

'हामीले संसद अनन्तकालसम्म रोक्ने भन्ने कुरा थिएन। सदनमा नागरिकता, विद्यालय शिक्षा, निजामति सेवा जस्ता विधेयकहरू संसदमा वर्षौंदेखि अल्झिएका छन्। ती विधेयकहरू सरकारमा रहँदा हामीले नै संसदमा दर्ता गरी अघि बढाएका थियौं। यी जनतासँग जोडिएका, शान्तिप्रक्रियासँग र संघीयता कार्यान्वयनसँग सम्बन्धित विषय हुन्, जसलाई पूर्णता दिन आवश्यक छ ।

हामीले सरकारलाई एक महिनाभित्र छानबिन समिति बनाउन बाध्य पार्यौं र संसद खोलियो,' उनले भने ।

अध्यक्ष प्रचण्डले सम्बोधनका क्रममा भने 'माओवादी केन्द्रले सधैं नीति, बहस र विचारमा आधारित राजनीति गर्दै आएको छ, न कि पद र शक्ति हत्याउने उद्देश्यले ।'

'हामी अहिले कांग्रेस र एमालेसँग संसदमा जनताको मुद्दा उठाएर बहस गर्न चाहन्छौं। सरकार बनाउने कुरा हाम्रो प्राथमिकता होइन,' उनले भने ।

प्रचण्डले हाल माओवादी केन्द्रप्रति जनतामा समर्थनको लहर देखिएको अवस्थामा पार्टीलाई बदनाम गर्ने नियोजित सड्यन्त्रहरू भइरहेको गम्भीर आरोप समेत लगाए ।

'राम्रा कामकै कारण माओवादीप्रति जनविश्वस बढेका कारण के भनेर हुन्छ, के गरेर हुन्छ माओवादीलाई बदनाम गरौं भन्ने सोच अहिले सक्रिय देखिन्छ,' उनले भने, 'तर हामीले सुरु गरेको सुशासन, समृद्धि र परिवर्तनको अभियानबाट पछि हट्दैनौं।' माओवादी केन्द्रले जनताको पक्षमा अघि सारेका समृद्धिका योजना तथा कार्यक्रमहरू हालको गठबन्धन सरकारले काटिदिएको उनले जनाए। अध्यक्ष प्रचण्डले पार्टी सरकारमा बसे पनि नबसे पनि जनता र उत्पीडित समुदायको पक्षमा सधैं उभिइरहने बताउनुभयो। उहाँले सामाजिक न्याय, समानता, र पहिचानको मुद्दालाई राज्यका सबै तहमा स्थापित गर्न माओवादी केन्द्र प्रतिवद्ध रहेको पुनः दोहोराए ।

सो अवसरमा उनले माओवादी केन्द्रले देशको संघीय संरचना, समावेशी शासन प्रणाली र पहिचानका आधारमा अधिकारको प्रत्याभूतिको पक्षमा लगातार संघर्ष गरिरहेको स्पष्ट पनि पारे ।

सोही क्रममा काठमाडौं उपत्यकामा नेवार समुदायसँग प्रत्यक्ष संवादका लागि नेवा सम्मेलन र भेला समेत गरिएको उल्लेख गर्दै, पहिचान भएका सम्पूर्ण समुदायको सहभागिता सशक्त बनाउन पार्टीले पहल लिएको जानकारी दिए ।

अध्यक्ष प्रचण्डले भने, 'विभिन्न जातीय मोर्चाहरूको सम्मेलन गर्दै आएको सन्दर्भमा कोच, धिमाल, मेचे, सन्थाल, झाँगड र उराऊ मोर्चाको सम्मेलन पनि असारअघि नै सम्पन्न गरिएको हो। "यो सम्मेलन नेतृत्वले सोचेर, विचार गरेर गरिएको हो," उनले भने ।

पार्टीले जनयुद्धकालमै लामो बहस र छलफल गरेर सैद्धान्तिक रूपमा आत्मनिर्णयको अधिकार स्वीकार गरिसकेको उल्लेख गर्दै उनले भने, 'वर्गसंघर्षलाई निरस, कोरा सिद्धान्तको विषय नबनाएर जनता, उत्पीडित वर्ग र समुदायलाई समेटेर अघि नबढेको भए संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना सम्भव हुने थिएन। संविधान निर्माणपछि जनवादी क्रान्ति सैद्धान्तिक रूपमा पूरा भयो। हामी गणतन्त्रको नयाँ युगमा प्रवेश गरेका छौं। हामीले भनेका थियौं, अब समाजवादको आधार तयार पार्न अगाडि बढ्न जरुरी छ।'

उनले भने 'जनवादी क्रान्तिकालमा त कुरा स्पष्ट थियो, तर समाजवादी क्रान्तिमा उत्पीडित जाति, समुदाय र वर्गको भूमिका के हुन्छ भन्नेबारे कतै न कतै अन्योल थियो। हामीले त्यो समस्याको समाधान यसअघिको केन्द्रीय समिति बैठकबाट गरेका छौं।'

'समाजवादी क्रान्तिकालमा पनि जनयुद्धकालमा जस्तै जातिहरूको आत्मनिर्णय र स्वायत्तताको अधिकार आवश्यक हुन्छ भन्ने कुरा स्वीकार गरिएको छ," उनले भने, "यसै अभियानअन्तर्गत विभिन्न जातीय तथा क्षेत्रीय मोर्चाहरूको सम्मेलन र महाधिवेशन आयोजना गरिएको हो।'

'पार्टीको केन्द्रीय समिति बैठकमा हाम्रो समाजवाद समुदायमा आधारित हुनुपर्छ भन्ने निर्णयमा पुगेका छौं,' उनले भने, 'आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्ने उद्देश्यका साथ माओवादी केन्द्रले जितेका १२३ स्थानीय तहका प्रमुख र उपप्रमुखलाई काठमाडौंमा भेला गरी स्थानीय तहबाटै समाजवादको आधार तयार गर्ने कार्यक्रम अघि सारिएको छ।'

# माओवादी महाधिवेशन सकेर निर्वाचनको तयारीमा होमिन्छः वरिष्ठ उपाध्यक्ष श्रेष्ठ



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले आगामी छ महिनाभित्र महाविशेन सकेर सिङ्गो पार्टी निर्वाचनको तयारीमा होमिने बताएका छन । माओवादी केन्द्र दोलखा–काठमाडौँ सम्पर्क समन्वय समितिको छैटौँ अधिवेशनलाई शनिवार सम्बोधन गर्दै उहाँले अब बस्ने केन्द्रीय समिति बैठकपश्चात् महाधिवेशनको तयारी गरिने बताए । वरिष्ठ उपाध्यक्ष श्रेष्ठले भने, 'मध्यपहाडी लोकमार्ग केन्द्रित अभियान सम्पन्न भएपछि आगामी असारमा बस्ने केन्द्रीय समिति बैठकमार्फत महाविधेशनको तयारी गरिनेछ । अबको छ महिना पूरै महाधिवेशनमा केन्द्रित हुन्छौँ ।' महाधिवेशनले राजनीतिक कार्यदिशाको थप विकास र परिमार्जन गर्ने र केन्द्रीय समितिको सङ्ख्या घटाएर १९९ मा ल्याउने उनको जिकिर छ ।

नेता श्रेष्ठले महाधिवेशनपश्चात् आसन्न निर्वाचनको तयारीमा केन्द्रित हुने बताए । 'महाधिवशेनपछि आसन्न निर्वाचनका लागि नयाँ योजना बनाउँछौँ, उम्मेदवारको तयारी गर्छौं', उनले भने, 'मुलुकलाई अहिलेको सङ्क्रमणबाट मुक्त गरेर समृद्धिको लक्ष्यमा पु¥याएरै छाड्छौँ ।'

वरिष्ठ उपाध्यक्ष श्रेष्ठले 'भिजिट भिसा'का नाममा नेपाली नागरिकमाथिको ठगीसम्बन्धी मुद्दालाई पार्टीले नछाडेको स्पष्ट पारे ।रासस

# गण्डकी प्रदेशमा साइबर अपराधका घटना बढ्दै

**बागलुङ ।**
सूचना प्रविधिको विकास र इन्टरनेटको प्रयोग बढ्दै गएसँगै साइबर अपराधसम्बन्धी घटना पनि बढेको पाइएको छ । पछिल्लो चार वर्षमा गण्डकी प्रदेशमा मात्रै दुई हजार ९५१ उजुरी परेका छन् ।

यस अवधिमा सबैभन्दा बढी कास्की र सबैभन्दा कम मनाङमा उजुरी परेका छन् । कास्कीमा एक हजार ६८३ र मनाङमा तीन जनाले उजुरी दिएका छन् । नेपाल प्रदेश प्रहरी कार्यालय गण्डकी प्रदेशका प्रहरी निरीक्षक प्रकाश पौडेलका अनुसार कास्कीमा आर्थिक वर्ष २०७८/७९ मा ११४ वटा, आव २०७९/८० मा २३२ वटा, आव २०८०/८१ मा ९३८ र चालु आवको वैशाख मसान्तसम्म ३९९ वटा मुद्दा परेका छन् ।

नवलपुरमा आर्थिक वर्ष २०७८/७९ मा ३१ वटा, आव २०७९/८० मा ४४ वटा, आव २०८०/८१ मा २०२ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ३९९ वटा मुद्दा परका छन् । तनहुँमा आर्थिक वर्ष २०७८/७९ मा १९ वटा, आव २०७९/८० मा ५२ वटा, आव २०८०/८१ मा १३७ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ४१ वटा मुद्दा परको प्रहरी निरीक्षक पौडेलले बताए ।

स्याङ्जामा आर्थिक वर्ष २०७८/७९ मा २४ वटा, आव २०७९/८० मा ३३ वटा, २०८०/८१ मा ७३ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २९ वटा मुद्दा परेका छन् । बागलुङमा आर्थिक वर्ष २०७८/७९ मा नौ वटा, आव २०७९/८० मा नौ वटा, आव २०८०/८१ मा ३५ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २८ वटा मुद्दा परको प्रहरी निरीक्षक पौडेलले जानकारी दिए ।

गोरखामा आर्थिक वर्ष २०७८/७९ मा १९ वटा, २०७९/८० मा ११ वटा, आव २०८०/८१ मा ६४ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २४ वटा मुद्दा परेका छन् । लम्जुङमामा आर्थिक वर्ष २०७८/७९ मा साइबर अपराधसम्बन्धी उजुरी परेको छैन । आर्थिक वर्ष २०७९/८० मा चार वटा, आव २०८०/८१ मा ७१ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २६ वटा मुद्दा परेको पौडेलको भनाइ छ ।

पर्वतमा आर्थिक वर्ष २०७८/७९ मा १० वटा, आव २०७९/८० मा १७ वटा, आव २०८०/८१ मा ५२ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ११ वटा मुद्दा परेका छन् । म्याग्दीमा आर्थिक वर्ष २०७८/७९ मा छ वटा, आव २०७९/८० मा छ वटा, आव २०८०/८१ मा ३६ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म २४ वटा मुद्दा परेका छन् ।

मनाङमा आर्थिक वर्ष २०७८/७९ मा साइबर अपराधसम्बन्धी उजुरी परेको छैन भने आव २०७९/८० मा एउटा वटा, आव २०८०/८१ मा एउटा र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म एउटा वटा मुद्दा परेको प्रहरी निरीक्षक पौडेलले जानकारी दिए ।

नेपाल प्रहरी प्रदेश कार्यालयमा २०७८÷७९ मा दुई वटा, आव २०७९/८० मा तीन वटा, आव २०८०/८१ मा १३ र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म एउटा पनि मुद्दा नपरेको उनको भनाइ छ ।

सबैभन्दा बढी उजुरी गर्ने फेसबुक प्रयोगकर्ता गण्डकी प्रदेशमा साइबर अपराधसम्बन्धी सबैभन्दा बढी उजुरी गर्ने फेसबुक प्रयोगकर्ता छन् भने कम उजुर गर्नेमा ह्वाट्सएप प्रयोगकर्ता छन् । चार वर्षमा दुई हजार ५४६ जना फेसबुक प्रयोगकर्ताले उजुरी दिएका छन् भने ७३ जना ह्वाट्सएप प्रयोगकर्ताले उजुरी दिएको प्रहरी निरीक्षक पौडेलले जानकारी दिनुभयो । प्रहरी निरीक्षक पौडेलका अनुसार १७७ जना टिकटक, ८१ जना इन्स्टाग्राम ७३ जना अन्य सामाजिक सञ्जाल प्रयोगकर्ताले उजुरी गरेका छन् ।

आर्थिक वर्ष २०७८/७९ मा १९० जना, आव २०७९/८० मा ३१३ जना, आव २०८०/८२ मा एक हजार ५४२ जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ५०१ जना फेसबुक प्रयोगकर्ताले उजुरी दिएका छन् । त्यस्तै आर्थिक वर्ष २०७८/७९ मा २५ जना, आव २०७९/८० मा ४९ जना, आव २०८०/८२ मा २९ जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ७५ जना टिकटक प्रयोगकर्ताले उजुरी दिएका छन् । आर्थिक वर्ष २०७८/७९ मा छ जना, आव २०७९/८० मा ३८ जना, आव २०८०/८१ मा २० जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म १७ जना इन्स्टाग्राम प्रयोगकर्ताले उजुरी दिएका छन् ।

आर्थिक वर्ष २०७८/०७९ मा चार जना, २०७९÷८० मा नौ जना, आव २०८०/८२ मा २१ जना र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म १९ जना ह्वाट्सएप प्रयोगकर्ताले उजुरी दिएका छन् । चार वर्षमा ७३ जना अन्य सामाजिक सञ्जाल प्रयोगकर्ताले उजुरी दिएको प्रहरी निरीक्षक पौडेलले जानकारी दिए ।

प्रहरीले तयार गरेको तथ्याङ्कअनुसार सामाजिक सञ्जाल ह्याकसम्बन्धी बढी उजुरी परेको छ । ह्याकसम्बन्धी एक हजार ८०६ जना, फेक आइडीसम्बन्धी ६७४ जना, ठगीसम्बन्धी ३४, गालीगलौजसम्बन्धी ११३ जना, अश्लिल गतिविधिसम्बन्धी २०५ जना र अन्य साइबर अपराधसम्बन्धी ६८ वटा उजुरी परेको छ ।

प्रदेश प्रहरी कार्यालयका अनुसार चालु आर्थिक वर्षमा परेका ६६६ उजुरीमध्ये ४३० वटा फर्छ्यौट भएका छन् । २३६ उजुरी भने फर्छ्यौटका क्रममा छन् ।

**सबैभन्दा बढी युवा पीडित**

प्रदेश प्रहरी कार्यालय गण्डकीको तथ्याङ्कलाई हेर्दा साइबर अपराधबाट सबैभन्दा बढी युवापुस्ता पीडित भएको देखिन्छ । विद्यालय र क्याम्पस पढ्ने उमेर समूहका विद्यार्थी र आफैँ केही गर्नसक्ने युवा साइबर अपराधबाट पीडित बनेको पाइएको छ । आर्थिक वर्ष २०७८/७९ देखि हालसम्म २६–३५ उमेर समूहका एक हजार ६१ जना पीडित भएका छन् ।

सोह्र वर्ष मुनिका ५८ जना, १६–२५ उमेर समूहका ८३६ जना पीडित भएका छन् । त्यस्तै, ३६–४५ उमेर समूहका ६२७ जना, ४६–६० उमेर समूहका २६९ जना, ६० वर्ष माथिका ५४ जना र अन्य उमेर समूहका ४६ जना पीडित बनेका छन् ।

**किन युवा पुस्ता बढी पीडित छन् ?**

साइबर अपराधसम्बन्धी कानुनबारे सचेत नहुँदा घटनाहरु हुने गरेको अधिवक्ता राम शर्माले बताउनुभयो । साइबर अपराध कम गर्नका लागि सामाजिक सञ्जाल प्रयोगकर्ता सचेत हुन जरुरी रहेको बताउनुभयो । साइबर कानुन नेपालमा भएको हुँदा यसको कार्यान्वयन अलि प्रभावकारी हुन नसक्दा घटना हुने गरेको उहाँको भनाइ छ ।

अधिवक्ता शर्माले भने, 'अहिले मर्यदाविपरीत तस्बिर र भिडियो पोस्ट गर्ने प्रचलन जस्तो भयो, यसले स्वयं व्यक्ति र समाजलाई पनि राम्रो गरेको छैन, हरेक नागरिक सचेत नभएसम्म यस्ता किसिमका अपराधका घटना कम गर्न गाह्रो हुन्छ ।' चिनजानका आधारमा मोबाइल बैंकिङका पासवर्ड अरुलाई दिने र अपरिचित लिङ्क खोल्दा धेरैको फेसबुक ह्याक हुने गरेको धेरै मानिसहरु पीडित हुनुपरेको शर्मा बताउछन ।

मुलुकी ऐन तथा अन्य ऐनका विभिन्न दफा लगाएर कानुन कारबाही हुँदै आएकामा विसं २०६३ बाट भने विद्युतीय कारोबार नियन्त्रणसम्बन्धी विशेष ऐन नै ल्याई हाल लागू भइरहेको उनले बताए ।

यस ऐनको दफा ४४ देखि दफा ५८ सम्म विभिन्न प्रकारका कसुरको उल्लेख गरी सो प्रमाणित भएमा कानुनअनुसार ५० हजार रुपैयाँदेखि पाँच लाखसम्म जरिवाना तथा छ महिनादेखि पाँच वर्षसम्मका जेल सजाय कसुर अपराधको मात्रा हेरी अदालतले तोक्नसक्ने कानुनी प्रावधान छ ।रासस

# वातावरण संरक्षण र प्रदूषण नियन्त्रणमा अर्थमन्त्रीको जोड

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रणलाई सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको बताउँदै त्यसमा हरेक नेपालीको सहयोग आवश्यक भएकामा जोड दिएका छन ।

अन्नपूर्ण मिडिया नेटवर्कले शनिवार आयोजना गरेको विद्युतीय सवारीसाधन 'इभी ¥याली'मा उनले वातावरण संरक्षणलाई जलवायु परिवर्तनका कारण उत्पन्न हुनसक्ने जोखिमलाई दृष्टिगत गरेर तदनुरुप नीति निर्माणमा लागेको बताए ।

अर्थमन्त्री पौडेलले भने, 'स्वच्छ वातावरणको सुनिश्चितता कुनै देश विशेषको नभएर सिङ्गो पृथ्वीको साझा चासो हो । एकातिर विकासका आवश्यकतालाई सम्बोधन गर्नुछ भने अर्कोतिर स्वच्छ वातावरण निर्माण । 'सगरमाथा संवाद' आयोजना गरेर हामीले वातावरण संरक्षणका निम्ति हामी प्रतिबद्ध रहेको सन्देश दिएका छौँ ।'उनले विद्युतीय सवारीसाधनको प्रवद्र्धनमा सरकार दृढतापूर्वक उभिएको बताए । कार्यक्रममा अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष क्याप्टेन रामेश्वर थापाले मिडियाको काम समाचार सम्प्रेषण मात्र नभई वातावरण संरक्षणमा पनि भएकाले आफूहरू त्यो अभियानमा लागेको बताए । रासस

# जनकपुरधाममा न्यायीक समितिको अधिकार र कानुनी जानकारीबारे सडक नाटक प्रदर्शन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**



जनकपुरधाम उपमहानगरपालिकाको सहयोगमा स्थानीय न्यायीक समितिको अधिकार क्षेत्र, कानुनी जानकारी र कार्यान्वयन सम्बन्धी जनचेतना फैलाउन अहिलेसम्म १७ वटा वडामा सडक नाटक सम्पन्न गरिएको छ । अभियानअन्तर्गत पहिलो नाटक गत सोमबार वडा नम्बर १७ तेतरिया बजारमा 'समाधान' शीर्षकको नाटकमार्फत प्रदर्शन गरियो । धनुषामा पहिलोपटक प्रदर्शन भइरहेको नाटकमा स्थानीय समुदायलाई न्यायीक समितिको अधिकार, भूमिका र नागरिकले प्राप्त गर्न सक्ने कानुनी सेवाबारे जानकारी गराइएको थियो ।

जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले नाटकमार्फत न्यायीक समितिमा उजुरी दर्ता गर्ने प्रक्रिया, स्थानीय तहमा समाधान गर्न सकिने विवादहरू र समितिको सीमित अधिकार प्रभावकारी तरिकाले प्रस्तुत गरिएको बताए । यसले स्थानीय बासिन्दामा कानुनी पहुँच र न्याय प्रणालीप्रति जागरूकता बढाउने महत्वपूर्ण भूमिका निर्वाह गरेको उनको भनाइ छ । सडक नाटक प्रदर्शन भएका वडाहरूमा वडा नम्बर १ (रेल्वे स्टेशन), वडा ४ (राम चौक), वडा ८ (बलबा टोल), वडा १२ (हनुमान नगर), वडा १३ (मनिमण्डप), वडा १४ (मुजेलिया), वडा १५ (शिवाजी पोखरी नजिक), वडा १६ (कपिलेश्वर), वडा १७ (तेतरिया बजार), वडा १८ (महुवा महादेब मन्दिर), वडा १९ (थुमौना), वडा २० (निम चौक महादेव मन्दिर), वडा २१ (कुर्था डिहवार मन्दिर), वडा २२ (वसबिट्टी वडा कार्यालय नजिक), वडा २३ (बेला मुसहरी टोल), वडा २४ (बसहिया), र वडा २५ (लोहना कन्टीर झा नमुना उच्च माध्यमिक विद्यालयको पछाडि) समावेश छन् । नाटकमा रामनारायण ठाकुर, गङ्गा कान्त झा, राम कैलाश ठाकुर, सुरेन्द्र राय, अनिता रानी मण्डल, राजेश सक्सेना, सपना साह, शिवानी मिश्र र रोशनी कर्णले अभिनय गरिरहेका छन् । नाटकका लेखक तथा निर्देशक रमेश रन्जन झाले जनचेतना फैलाउने यस कार्यक्रमले न्यायीक समितिको कार्यक्षेत्र र प्रभावकारिताप्रति आम जनताको बुझाइमा थप विकास गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा उपमहानगरपालिका उपप्रमुख किशोरी साह, न्यायीक समिति सदस्य प्रमेश्वर साह, राकेश विक्रम साह, प्रमुख प्रशासनिक अधिकृत मित्र लाल ढकाल, न्यायीक समिती अधिकृत रन्जना साह, महिला तथा बालबालिका अधिकृत सौर्य साह लगायतको उपस्थिति रहेको थियो । आयोजकले जनकपुरधामका सबै २५ वटै वडामा यो सडक नाटक कार्यक्रम जारी राख्ने योजना रहेको जानकारी दिएका छन् । यस कार्यक्रममार्फत न्यायीक समितिको पहुँचलाई थप सुदृढ गर्दै नागरिकलाई सहज रूपमा कानुनी सेवाहरू प्राप्त गर्न प्रेरित गरिने विश्वास व्यक्त गरिएको छ । उपमहानगरपालिकाको यो पहलले स्थानीय तहमा न्यायिक सेवा उपलब्ध गराउने कार्यलाई थप प्रभावकारी र पारदर्शी बनाउन मद्दत गर्ने स्थानीय जनप्रतिनिधि र सहभागीहरूले बताएका छन् ।

# विशेषको फैसलाविरुद्ध सर्वोच्चमा पुनरावेदन

**मधेशदृष्टि**
**रौतहट ।**

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले रौतहटको ईशनाथ नगरपालिकाका तत्कालीन प्रशासकीय अधिकृत नन्दकिशोर गुप्तासहित तीन जनालाई विशेष अदालतले सफाइ दिएको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन दिएको छ । अख्तियारले तत्कालीन प्रशासकीय अधिकृत गुप्ता, इन्जिनियर सत्यपाल सौरभ र प्रधानाध्यापक मुहमद समिम अख्तरविरुद्ध पुनरावेदन दर्ता गरेको हो । अख्तियारले उनीहरूमाथि आधारभूत विद्यालय लक्ष्मीनियाँ भवन निर्माणमा अनियमितता गरेको आरोप लगाएको थियो । आरोपअनुसार फिल्डमा भएको कामभन्दा बढी मूल्याङ्कन गरी नभएका र नगरिएका कार्यसमेत भएको भनी झुटो बिल बनाएको पाइएको थियो ।

# पाउद्वारमा खेलमैदान निर्माण

**म्याग्दी ।**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका–५ पाउद्वारमा खेलमैदान निर्माण भएको छ । अन्नपूर्ण गाउँपालिकाको सहयोगमा खयरभारानी युवा क्लवले पाउद्वारमा खेलमैदान निर्माण भएको हो । उपभोक्ता समितिका सचिव भविन पाइजाले पाखोबारी सम्माएर खेलमैदान निर्माण गरिएको जानकारी दिए ।

अन्नपूर्ण गाउँपालिकाको रु २१ लाख ५० हजार बजेटबाट पाखोबारी सम्माएर ८५ मिटर लम्बाई र ३० मिटर चौडाइको खेलमैदान निर्माण गरिएको जानकारी दिए । 'विद्यालयको खेलमैदानमा खेलअभ्यास र प्रतियोगिता सञ्चालन गर्दा पठनपाठन समस्या भएपछि नयाँ ठाउँमा जग्गा खोजेर खेलमैदान निर्माण गरिएको हो,' उनले भने 'पोखोबारी सम्माएर खेलमैदान बनाएका हौँ ।'

डोजर परिचालन गरेर सम्माइएको खेलमैदानको डिलतर्फ ग्यावीयन पर्खाल निर्माण र बल छेक्न तारजाली निर्माण गरिएको छ । खेलमैदान निर्माण गर्न स्थानीय रामकृष्ण तिलिजाले दुई लाख २० हजार रुपैयाँ बराबरको एक आना जग्गा दान गरेका छन । छ लाख ६० हजार रुपैयाँ मूल्यबराबरको थप तीन रोपनी जग्गा खरिद गरिएको थियो ।

खेलमैदान निर्माणका लागि पाउद्वारका १३५ घरपरिवारले एक÷एक दिनका दरले श्रमदान गरेका छन । क्लवमा आवद्ध युवाले पनि योजना निर्माणमा श्रमदान गरेका छन । खेलमैदानमा स्टेज, प्याराफिट, सार्वजनिक शौचालयलगायतका पूर्वाधार तयार गर्न बाँकी छन् । खेलमैदान निर्माण भएपछि पाउद्वारका युवा युवतिलाई खेलअभ्यास गर्न र प्रतियोगिता सञ्चालन गर्न सहज भएको छ ।रासस

# चार जिल्लाका ११ स्थानीय तह 'ग्रेटर मुन्दुम' पदमार्गको विकासमा जुट्दै

**भोजपुर ।**

'ग्रेटर मुन्दुम पदमार्ग' विस्तार हुने भोजपुरसहित चार जिल्लाका ११ थानीय तहबीच समन्वयत्मक पर्यटन प्रवद्र्धन बैठक सम्पन्न भएको छ । यहाँका पदमार्ग विस्तार हुने स्थानीय तहका जनप्रतिधि, पर्यटन व्यवसायी, उद्यमी, होटल व्यवसायी र पदमार्गमा आधारित पर्यटन विकासका परियोजनाबीच समन्वत्मक बैठक गरिएको हो ।

बैठकमार्फत विस्तार भइरहेको पदमार्गलाई व्यवस्थितसँगै सांस्कृति सम्पदाको संरक्षण तथा जर्गेणा हुने गरी काम गर्ने निर्णय गरिएको छ । हतुवागढी, रामप्रसादराई र आमचोक गाउँपालिकाको संयुक्त आयोजनामा घोडेटारमा भएको अन्तरपालिकाबीचको सरोकारवालाको बैठकमा सुनसरीको बराहक्षेत्र नगरपालिका, उदयपुरको वेलका नगरपालिका, खोटाङको साकेला गाउँपालिका र केपिलासगढी गाउँपालिकाको सहभागिता रहेको थियो ।

त्यस्तै भोजपुरको हतुवागढी गाउँपालिका, रामप्रसादराई गाउँपालिका, आमचोक गाउँपालिका, टेम्केमैयुङ गाउँपालिका, साल्पासिलिछो गाउँपालिका, भोजपुर नगरपालिका र षडानन्द नगरपालिका गरी ११ वटा स्थानीय तहको सहभागिता जनाएको हतुवागढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले जानकारी दिए । अन्तरपालिकाबीच भएको बैठकमार्फत पदमार्गको विकासका लागि साझा धाराणा लिएर अघि बढ्ने प्रतिवद्धता गरिएको हतुवागढी गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए । पदमार्गले छोएका स्थानीय तहबीच गरिएको कार्यक्रमले पदमार्गको विकास तथा प्रवद्र्धनमा टेवा पुग्ने उनको भनाइ छ ।

'ग्रेटर पदमार्गका विषयमा हतुवागढीमा समन्वयत्मक बैठक सम्पन्न गरेका छौँ,' अध्यक्ष राईले भने, 'यो बैठकबाट पदमार्गको थप विकास लागि कसरी अघि बढ्ने भन्ने विषयमा बृहत्त रूपमा छलफलसमेत गरिएको छ । अहिले सबै पालिकामा भइरहेको पदमार्ग निमार्णको कामको विषयमा छलफल गरेका छौँ ।'

अन्तरपालिका पालिकाबीच भएको सरोकारवाला पक्षको बैठक उपलब्धिमूलक बनेको रामप्रसादराई गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताए । बैठकबाट पदमार्गको कामलाई भावी दिनमा कसरी गुणात्मकढङ्गले अघि बढाउने भन्ने विषयमा योजना तयार गरिएको उनको भनाइ छ ।

पदमार्ग विस्तार भइरहेका स्थानीय तहसँगै पर्यटनसँग सम्वद्ध पक्षबीचको कार्यक्रम भएकाले यसले दिर्घकालिन महत्वलाई समेटेको टेम्केमैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए । पदमार्गलाई पर्यटनसँग जोडेर संस्कृतिको संरक्षणसँगै आर्थिक पक्षको विकासमा टेवा पु¥याउन गर्न सकिने थप कामको विषयमासमेत छलफल गरिएको अध्यक्ष बस्नेतको भनाइ छ ।

पदमार्गमा आधारित पर्यटन विकास परियोजनाले पदमार्गको समग्र विषयमा जानकारी दिएको छ । साथै दिगो र नविनतम् पर्यटन विकासको अवधारणाको बारेमासमेत अवगत गराइएको छ ।रासस

# गुल्मीमा कफीको बिरुवाको माग बढ्दो

**गुल्मी ।**

बर्सातको समय सुरु भएसँगै गुल्मीमा कफीका बिरुवाहरूको माग अत्यधिक बढेको छ । मुसिकोट नगरपालिका–५ स्थित कफी विकास केन्द्र आँपचौरमा कफी नर्सरीमा उत्पादित बिरुवा किसानहरूलाई पु¥याउन मुस्किल भएको छ ।

कफी विकास कार्यालयले किसानको मागअनुसार कफीका बिरुवा थोरै उत्पादन भएका कारण उपलब्ध गराउन समस्या भएको कफी विकास केन्द्र आँपचौरका प्रमुख जीवन आचार्यले जानकारी दिए ।

मुसिकोट नगरपालिका–५ स्थित कफी विकास केन्द्र आँपचौरमा रहेको नर्सरीबाट यस पटक किसानहरूले दुई लाख कफीका बिरुवाको माग आएको आचार्यले बताए । कफी किसानहरूले यति धेरै बिरुवाको माग गरे पनि केन्द्रमा यस पटक ७० हजार मात्र बिरुवा उत्पादन भएको उनले बताए ।

कफी विकास केन्द्रले कफीका बिरुवा उत्पादन गर्नुका साथै बिक्री वितरण गर्दै आइरहको छ । यहाँको नसरीमा उत्पादित बिरुवा राम्रो गुणस्तरयुक्त मानिन्छ ।

यस पटक पनि गुल्मीसहित अर्घाखाँची, कास्की, स्याङ्जा, लमजुङ, धादिङलगायत ४० भन्दा बढी जिल्लाबाट कफीका बिरुवाको माग हुँदै आएको कार्यालयले जनाएको छ ।

कफीका बिरुवाको माग धेरै भए पनि आवश्यक स्रोत र जनशक्तिको अभावका कारण मागअनुसार केन्द्रले बिरुवा उत्पादन गर्न सकिरहेको छैन । मुसिकोट नगरपालिका–५ अन्तर्गत आँपचौरमा रहेको कफी विकास केन्द्र नेपाल सरकारको सङ्घीय बागवानी तथा राष्ट्रिय बीउ बेर्नाको स्रोतकेन्द्र पनि हो । तत्कालीन राजा वीरेन्द्रले विसं २०४१ मा आँपचौरमा कफी विकास केन्द्र स्थापना गरेसँगै गुल्मीमा व्यावसायिक रुपमा कफीखेती गर्न सुरु गरिएको थियो ।

कफी विकास केन्द्रमा प्रतिबिरुवा अहिले ४० रुपैयाँ मा बिक्री हुँदै आएको छ । कफी विकास केन्द्रले बगैँचा व्यवस्थापन, बीउ उमार्ने, टिप्ने र प्रशोधन गर्नेलगायतका काम गर्दै आएको छ ।

यसका लागि कफी उत्पादन हुने समयमा ४० देखि ५० जना व्यक्तिले अस्थायी रुपमा रोजगारी पाउने गरेका छन् । केन्द्रमा कफी पल्पिङ मेसिन, कफी हलर मेसिन, कफी ड्रयार, रोस्टर मेसिन र कफी स्प्रे सो मेसिन समेत उपलब्ध छ ।

कफी बगैँचा स्थापना गर्नका लागि केन्द्रले आँपचौरमा अहिले १८४ रोपनी जग्गा खरिद गरेको छ । उक्त बगैँचामा यतिबेला १२ हजार कफीका बिरुवा लगाई सकिएको कार्यालय प्रमुख आचार्यले बताए । कफीको जननी जिल्ला गुल्मीको आँपचौरमा कफी बगैँचा विस्तार गर्ने उद्देश्यले अहिले छ वटा नर्सरीमा ६० हजार कफीका बिरुवा रोपण गरिएको छ ।

पछिल्लो समयमा किसानलाई कफीमा लाग्ने सेतो गबारो मुख्य समस्या बन्दै गइरहेको छ । सेतो गबारोका कारण जिल्लामा १५ प्रतिशत कफीका बोट नष्ट हुने अवस्थामा रहेका छन् । जिल्लामा कफीखेतीमा कृषकको आकर्षण बढे पनि समय समयमा कफीमा देखिने सेतो गबारो, ढुसी, डढुवा आदिका कारण कफीका बोटहरूमा क्षति पुग्ने गरेको किसानहरुको गुनासो गर्दै आएका छन ।

गुल्मीमा अहिले करिब ३०० हेक्टर क्षेत्रफलमा कफीखेती गरिँदै आएको छ ।

गुल्मीमा कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजना, कफी विकास केन्द्र आँपचौर, कफी अनुसन्धान केन्द्र भण्डारीडाँडालगायत स्थानीयतहले कफीको क्षेत्रमा काम गर्दै आइरहेका छन् । रासस

# बंगलादेशमा फ्रेबुअरीमा निर्वाचन गराउने युनुसको घोषणा



**लन्डन ।**

अन्तरिम सरकारका प्रमुख सल्लाहकार प्रोफेसर मुहम्मद युनुस र बंगलादेश नेसनलिस्ट पार्टी (बीएनपी) का कार्यवाहक अध्यक्ष तारिक रहमानबीच लण्डनमा भएको महत्वपूर्ण बैठकले बंगलादेशको आगामी राष्ट्रिय निर्वाचनका सम्बन्धमा महत्वपूर्ण राजनीतिक संकेत प्राप्त गरेको छ ।

यसै क्रममा प्राध्यापक युनुसले आवश्यक तयारी पूरा भए सन् २०२६ को रमजान अघिल्लो साता निर्वाचन हुनसक्ने संकेत दिएका छन् ।

लण्डनको प्रतिष्ठित होटल डोर्चेस्टरमा शुक्रबार बिहान ९ बजे (लण्डन समयअनुसार) सुरु भई १०:३० बजे समापन भएको थियो । बैठकपछि संयुक्त पत्रकार सम्मेलन गरिएको थियो, जसमा राष्ट्रिय सुरक्षा सल्लाहकार खलीलुर रहमान, मुख्य सल्लाहकारका प्रेस सचिव शफिकुल आलम र बिएनपी स्थायी कमिटी सदस्य अमिर खसरु महमूद चौधरी पनि सहभागी थिए ।

बैठक सौहार्दपूर्ण र सकारात्मक वातावरणमा सम्पन्न भएको संयुक्त विज्ञप्तिमा उल्लेख गरिएको छ । बैठकमा तारिक रहमानले अर्को वर्ष रमजान अघि निर्वाचन गराउने प्रस्ताव राखेका थिए । उनले पार्टी प्रमुख बेगम खालिदा जियाले पनि त्यही समयमा निर्वाचन भए देशका लागि राम्रो हुने विश्वास व्यक्त गरेको सन्देश सुनाएका थिए ।

यसको जवाफ दिँदै प्रमुख सल्लाहकार प्राध्यापक युनुसले २०२६ अप्रिलको पहिलो पन्ध्र दिनमा निर्वाचन हुने घोषणा गरिसकेका छन् । तर, आवश्यक सबै प्रशासनिक, व्यवस्थापिका र निर्वाचन सुधार समयमै सम्पन्न भएमा फ्रेबुअरी मसान्तमा अर्थात् रमजान सुरु हुनुभन्दा एक साताअघि निर्वाचन हुनसक्छ ।

बिएनपीले यस वर्षको डिसेम्बरमा निर्वाचन गराउन माग गरिसकेको छ । तर, हालको चुनावी क्यालेन्डरअनुसार २०२६ अप्रिलमा निर्वाचन हुने अपेक्षा गरिएको थियो। अब रमजान अघिको सम्भावित समयसीमाले यो प्रक्रियालाई अलि लचिलो बनाउने देखिन्छ ।एजेन्सी

# पाकिस्तानी सेना प्रमुखलाई ट्रम्पको विशेष सम्मान, बोलाए अमेरिका

**इस्लामवाद ।**

पाकिस्तानी सेना प्रमुख असिम मुनिर अमेरिका भ्रमणमा निस्केका छन्। शनिबार अर्थात जुन १४ मा वासिङ्टन डिसीमा अमेरिकी सेनाको २५० औँ वार्षिकोत्सवको समारोहमा उनी बिशेष अतिथिका रूपमा सहभागी हुनेछन्। यो दिन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको ७९ औं जन्मदिन पनि हो। यस अवसरमा राजधानी वासिङ्टनमा परेडको आयोजना गरिनेछ।

मुनिरको पहिलो अमेरिका भ्रमण २०२३ मा भएको थियो, जब उनले तत्कालीन अमेरिकी रक्षा सचिव लोयड अस्टिन, तत्कालीन विदेश सचिव एन्टोनी ब्लिन्केन र संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेससँग भेट गरेका थिए।

तर, मुनिरको भ्रमणअघि नै पाकिस्तान भित्रै भने विरोधका आवाज सुनिन थालेका छन् । पूर्वप्रधानमन्त्री इमरान खानको पार्टी तेहरिक ए इन्साफ (पीटीआई)ले यो भ्रमणका क्रममा विरोध गर्ने धम्की दिएको छ। पीटीआईका विदेश मामिला सचिव सज्जाद बुर्कीले शनिबार वाशिंगटनस्थित पाकिस्तानी दूतावास बाहिर प्रदर्शन गर्न अपील गरेका छन्। उनले एक्स टेल द ह्वाइट हाउसमा लेखेका छन् कि पाकिस्तानका जनताले यो सरकारसँग कुनै पनि सम्झौता स्वीकार गर्दैनन् पनि भनेका छन्।

मुनीरको भ्रमण अघि पाकिस्तानका सम्बन्धमा अमेरिकाको बोलीमा पनि परिवर्तन आएको देखिन्छ । अमेरिकाको सेन्ट्रल कमाण्डका प्रमुख जनरल माइकल कुरिल्लाले अमेरिकाले भारत र पाकिस्तान दुवैसँग सम्बन्ध कायम राख्नुपर्ने बताएका छन् ।

उनले इस्लामिक स्टेट खोरासान (आईएसआई–के) को खतरासँग लड्न पाकिस्तानी सेना आवश्यक रहेको बताए। मंगलबार संसदको सशस्त्र सेवा समितिको बैठकमा उनले यस्तो बताएका हुन् ।

जनरल कुरिल्लाले आतंकवाद विरुद्धको लडाईमा पाकिस्तान बलियो सहयोगी भएकोसमेत बताएका छन् । उनले भने– 'अमेरिकाले पाकिस्तान र भारत दुवैसँग सम्बन्ध कायम राख्नुपर्छ । यो बाइनरी स्विच होइन कि यदि तपाइँसँग एकसँग सम्बन्ध छ भने तपाइँ अर्कोसँग सम्बन्ध राख्न सक्नुहुन्न। हामीले सम्बन्धको फाइदाहरू हेर्नुपर्छ।'एजेन्सी

# मण्डनदेउपुरका चार उद्योग बन्द गरियो

**काभ्रेपलाञ्चोक ।**

काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिकास्थित चार क्रसर तथा इँटा उद्योग बन्द गरिएको छ । पटकपटक ताकेता गर्दा पनि कर तिर्न नटेरेपछि ती उद्योगमा ताला लगाइएको नगरले जनाएको छ ।

नगरप्रमुख टोकबहादुर वाइबाको नेतृत्वमा स्थानीय जनप्रतिनिधि, स्थानीय उद्योग वाणिज्य सङ्घलगायत सम्मिलित अनुगमन टोलीले नगर कार्यालयमा दर्ता नभएका, कर नतिरेका र नवीकरण नभएका क्रसर उद्योग र इँटा उद्योगमा शुक्रबार ताला लगाएको हो ।

उक्त टोलीले तीन वटा इँटा उद्योग र एउटा क्रसर उद्योगमा ताला लगाएको छ । नगरको वडा नं ९ रायोबारीस्थित सेन्ट वासिङ एण्ड क्रसिङ उद्योगले आर्थिक वर्ष २०७८÷०७९ देखि हालसम्म ४५ लाख ८४ हजार रुपैयाँ कर नतिरेपछि उद्योगमा ताला लगाइएको हो ।

यस्तै कर नतिरेको वडा नं ६ मा रहेका कालीदेवी र चण्डेनी–नगरकोट ब्रिक्स इण्डष्ट्रिज प्रालि तथा वडा नं ७ मा रहेको दक्षिणकाली इँटा उद्योग इँटा उद्योगमा ताला लगाइएको छ । कालीदेवीले ६१ लाख, ८४ हजार रुपैयाँ, दक्षिणकालीले ४५ लाख, ८४ हजार रुपैयाँ कर तिरेका थिएनन् । चण्डेनी–नगरकोट ब्रिक्स उद्योग भने दर्ता नभएकाले बन्द गरिएको हो ।

नगरप्रमुख टोकबहादुर वाइबाले नगरको प्रावधानअनुसार पटकपटक कर तिर्न आग्रह गर्दा पनि नमानेपछि बाध्य भएर ताला लगाइएको बताए । 'नगरले तोकेको मापदण्ड तथा कर तिरेपछि मात्रै ताला खोलिनेछ', वाइबाले भने । उनका अनुसार ताला नखुलाउँदासम्म उद्योगबाट कुनै पनि सामग्री बेचबिखन नगर्न निर्देशन दिइएको छ ।रासस

# टरुवा ताल संरक्षणका लागि जलकुम्भी हटाइँदै



**नवलपरासी ।**
जलकुम्भीले ढाकेर नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोतीस्थित ऐतिहासिक टरुवा तालको अस्तित्व सङ्कटमा परेसँगै यसलाई जोगाउन ताल सफाइ गर्न थालिएको छ । तालालाई जलकुम्भीसहित झारले ढपक्क ढाकेर अस्तित्वनै सङ्कटमा पर्न थालेसँगै सफाइकार्य सुरु गरिएको हो ।

पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेको ताल कावासोती नगरपालिका–७ र ८ मा पर्दछ । कावासोती तालका रूपमा समेत चिनिने यस तालको क्षेत्रफल ताल संरक्षण तथा विकास प्राधिकरण गण्डकी प्रदेशको अभिलेखअनुसार तीस हजार ७१३ वर्ग मिटर रहेको छ । तालालाई जलकुम्भीसहितका झारले ढाकेर हरियो चौर जस्तो देखिने अवस्थामा पुगेपछि कावासोती नगरपालिकाले यसको सफाइ थालेको हो ।

प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत तालको सफाइ काम सुरु गरिएको रोजगार शाखा कावासोतीका रोजगार संयोजक प्रतिक्षा पौडेलले बताए । एक हप्तादेखि तालको सफाइको काम जारी रहेको उनले बताए । रोजगार शिर्जनासँगै तालको सफाइको काम हुने भएकाले जनशक्ति परिचालन गरिएको उनले बताए ।

नियमित रूपमा तालको सफाइको काम हुन नसकेको अवस्थामा अहिले रोजगार शाखाद्वारा जनशक्ति परिचालन गरी सफाइको काम थालिएको हो । दैनिक रूपमा करिब पच्चिस जनाको हाराहारीमा जनशक्ति ताल सफाइमा जुटेका छन् । ‘बेरोजगारको सूचिमा नाम टिपाएकालाई केही दिन रोजगारमा जोड्ने गरी ताल सफाइमा जुटेका हौँ, यसले तालालाई पुरानो अस्तित्वमा फर्काउन सहयोग पुग्ने विश्वास छ’ कार्यक्रम संयोजक पौडेलले भने ।

केही वर्ष अघिसम्म ताल सफा रहेको थियो । नियमित सफाइ नगर्दा तालालाई जलकुम्भी र झारले ढाक्दै गएको हो ।

टरुवा तालसँगै हरियाली वातावरण, नजिकै रहेको नर्मदेश्वर महादेव मन्दिर, ताल परिसरसँगै जोडिएको गुम्बा आफैमा पर्यटकीय सम्भावना बोकेका क्षेत्र छन् । यसलाई जोडेर एकिकृत रूपमा विकास गर्न सके जिल्लाकै सुन्दर पर्यटकीय गन्तव्य बन्ने नवलपुर पर्यटन समितिका अध्यक्ष फन्सराम महतोले बताए । पूर्वपश्चिम राजमार्गबाट करिब एक किलोमिटरमा रहेको प्राकृतिक रूपमा सुन्दर ठाउँ भएकाले यसको संरक्षणमा थप काम गर्नुपर्ने अध्यक्ष महतोले बताए ।

हालको कावासोती बजार स्थापनामा टरुवा ताल जोडिन्छ । हालको बजार क्षेत्र मानिने कावासोती–२, ३, ८ मा तत्कालीन वस्ती विकासको समयमा खानेपानीको उपलब्धता नहुँदा टरुवा तालको पानीले स्थानीयले आवश्यकता परिपूर्ति गर्ने गर्दथे । सोही तालको मुहानबाट पानी ल्याएर यहाँका बासिन्दाले पिउने, गाईवस्तुलाई खुवाउन देखि घर निर्माणकार्यसमेतमा प्रयोग गर्ने गर्दथे ।

टरुवा ताल भएकै कारण पानीको उपलब्धता भएको र हालको कावासोती बजारको रूपमा विकास भएको भन्ने धारणा रहिआएको छ । यसकारणपनि तालालाई ऐतिहासिक टरुवा तालको संज्ञा दिने गरिएको छ ।रासस

# विपद् प्रतिकार्य योजना स्वीकृत

**तनहुँ ।**
जिल्ला विपद् व्यवस्थापन समिति तनहुँले विपद् पूर्वतयारी तथा प्रतिकार्य, मौसमजन्य विपद् प्रतिकार्य र राजमार्ग अवरोध हटाउने कार्ययोजना २०८२ स्वीकृत गरेको छ । मनसुनको समय नजिकिँदै गरेकाले वर्षाले जिल्लामा हुन सक्ने क्षति न्यूनीकरणका लागि पूर्वतयारी स्वरूप समितिले प्रतिकार्ययोजना स्वीकृत गरेको समितिका संयोजक अध्यक्ष प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारले जानकारी दिए ।

जिल्लामा हुन सक्ने सबै प्रकारका विपद्, विपद्का सम्भावित क्षेत्र, जोखिम न्यूनीकरण गर्न गर्न सकिने उपाय, विपद् घटेमा सम्बोधन गर्न परिचालन हुने निकाय, स्रोतसाधनको पर्याप्तका बारेमा समेटेर विपद् प्रतिकार्य योजना बनाइएको उनले बताए । तनहुँ जिल्ला बाढीपहिरोको उच्च जोखिममा रहेकाले विपद् न्यूनीकरणका लागि कार्ययोजना बनाएर अगाडि बढेको उनेले बताए ।

त्यस्तै ६० प्रतिशत विपद् मौसमजन्य कारणले हुने भएकाले समितिले मौसमजन्य विपद् प्रतिकार्य योजना समेत स्वीकृत गरेको छ । उनले भने, ‘मौसमका कारण हुन सक्ने सम्भावित घटना, त्यसबाट हुने क्षति, घटना रोक्न सकिने उपाय अवलम्बन र विपद् घटेमा परिचालन हुने निकायको जिम्मेवारीसहित योजना बनाइएको छ ।’

कार्यालयले राजमार्ग अवरोध हटाउने जिल्ला कार्ययोजना समेत स्वीकृत गरेको छ । ७२ किलोमिटर पृथ्वीराजमार्ग खण्ड तनहुं जिल्लामा भएको र मौसमको समयमा राजमार्ग अवरोध हुन सक्ने सम्भावना भएकाले राजमार्ग सुचारु गराउनका लागि राजमार्ग अवरोध हटाउने जिल्ला कार्ययोजना बनाइएको उनले बताए । प्रमुख सडकहरुमा जोखिमको क्षेत्र पहिचान गरेर सम्भावित जोखिम न्यूनीकरणका लागि सरोकारवाला कार्यालय परिचालन हुने प्रजिअ अधिकारीले बताए ।रासस

# कक्षा १२ को परीक्षा दिएर बसेकालाई कोदोको परिकार उत्पादन र प्याकेजिङ तालिम



**खोटाङ ।**
हलेसी तुवाचुङ नगरपालिकाले कक्षा–१२ को परीक्षा दिएर बसेका विद्यार्थीलाई कोदोको बिस्कुट उत्पादन, ‘ब्राण्डिङ’ र ‘प्याकेजिङ’सम्बन्धी तालिम दिएको छ ।

नगरपालिकाको रैथाने बाली कोदोखेतीलाई प्रवद्र्धन गर्दै स्थानीय युवा पुस्तालाई आफ्नै ठाउँमा स्वरोजगार बनाउने उद्देश्यले कक्षा–१२ को परीक्षा दिएर बसेका विद्यार्थीलाई सहभागी गराएर नगरपालिकाले तालिम दिएको हो ।

‘कोदोको परिकार, स्वास्थ्यको सुरक्षा र आम्दानीको आधार’ भन्ने नारासहित वडा नं ७ महादेवस्थानस्थित वडा कार्यालयमा आयोजना गरिएको सात दिने तालिम शुक्रबार औपचारिकरुपमा समापन गरिएको छ । एकजना स्थानीय महिला उद्यमी तथा १२ जना विद्यार्थीको सहभागिता रहेको तालिममा सहभागी प्रशिक्षार्थीले उत्पादन गरेका कोदोको बिस्कुट, कुकिज, निम्की, पाउरोटी, मफिन र दुनोट प्याकेजिङ गरेर समापन कार्यक्रममा प्रदर्शन गरिएको थियो ।

तालिममा सहभागीले बनाएका कोदोका परिकार त्रिधार्मिकस्थल हलेसी बजारमा सञ्चालन गरिएको कोसेली घरमा राखेर बिक्री गर्ने र हलेसी आउने पाहुनालाई उपहारस्वरुप प्रदान गर्ने योजनाका साथ तालिमको आयोजना गरिएको हलेसी तुवाचुङ नगरपालिकाका–७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिएका छन ।

‘त्रिधार्मिकस्थल हलेसी आउने भक्तजन तथा दर्शनार्थीले कोसेलीको रुपमा लैजानका लागि यहाँको उत्पादन खोज्ने गरेका छन् । कोदोको परिकारलाई यहाँको प्रमुख उत्पादनका रुपमा ब्राण्डिङ गर्नेगरी तालिमको आयोजना गरिएको हो’, उनले भने, ‘तालिममा सहभागीले व्यावसायिक रुपमा उत्पादन गरेका कोदोका परिकार नगरपालिकाको तर्फबाट खरिद गरिदिन्छौँ । खरिद गरिएको परिकार कोसेली घरमा राखेर उपहारस्वरुप पाहुनाहरूलाई वितरण गर्ने योजना बनाएका छौँ ।’

नगरपालिकाको कृषि शाखाद्वारा सञ्चालित तालिमको सहजीकरण काठमाडौँबाट झिकाइएको खाद्य प्राविधिक आर्जन गौतमले गर्नुभएको थियो । दक्ष प्राविधिको सहजीकरणमा कोदोको परिकार बनाउने तालिम निःशुलक लिन पाएपछि सहभागीहरू व्यावसायिक बन्न उत्साहित बनेको नगरपालिकाले जनाएको छ ।

रैथाने बाली ‘कोदो’को बजार सम्भावनालाई आत्मसात् गर्दै स्थानीय युवाका लागि सीपमूलक उद्यमशीलता प्रति आकर्षित गर्नका लागि तालिमको आयोजना गरिएको नगरप्रमुख विमला राईले बताईन । ‘तालिममा सहभागीले पौष्टिकता, परम्परा र उद्यमशीलताको पाठ एकैसाथ सिक्न पाएका छन् । उनीहरूलाई तालिमले केवल सीपमात्र होइन, आत्मविश्वास र प्रेरणा पनि थपिदिएको छन, उनले भनिन, ‘कोदोको पोषण, स्वाद र प्रयोगशैलीको विविधता उजागर गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको थियो । तालिमले रैथाने बाली कोदोको उत्पादन तथा मूल्य वृद्धि र स्थानीय उद्यमशीलतालाई थप टेवा पु¥याउने अपेक्षा गरिएको छ ।’

तालिममा सहभागीलाई कोदोको परम्परागत प्रयोगलाई आधुनिक परिकारमा रूपान्तरण गर्दै गुणस्तरीय परिकार उत्पादन, ब्राण्डिङ, प्याकेजिङ तथा बजारीकरणका पक्षमा पनि व्यवहारिक जानकारी र अभ्यास गराइएको नगरपालिकाले जनाएको छ ।

जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने यो नगरपालिकाले कोदोमा पाइने प्रोटिन, क्याल्सियम, आइरन तथा एन्टि–अक्सिडेन्टजस्ता पोषकतत्वहरूलाई ध्यानमा राखेर कोदो बालीलाई पोषण सुरक्षा र स्थानीय रोजगारीसँग जोड्ने प्रयास गरेको हो ।

तालिम समापन अवसरमा प्रशिक्षार्थीले उत्पादन गरेका सबै परिकारहरू कार्यक्रममा उपस्थित अतिथि तथा सहभागीहरूले अवलोकन गर्नुका साथै स्वाद परीक्षण गरेका छन् । तालिममा सहभागी विद्यार्थीले उत्पादन गरेका कोदोको विभिन्न प्रकारका परिकार गुणस्तरीय र स्वादिष्ट रहेको समापन कार्यक्रमका सहभागीले बताएका छन् ।

सुक्खाग्रस्त क्षेत्रमा पर्ने हलेसी तुवाचुङ नगरपालिकामा रैथाने बाली कोदो उत्पादन बढी हुने भएकाले पनि त्यसलाई प्रवद्र्धन गर्दै कोदोको विभिन्न प्रकारका परिकार उत्पादन गरेर बजारीकरण गर्न तालिमको आयोजना गरिएको जनाइएको छ । तालिमले विशेषगरी युवालाई सीपमार्फत सशक्त बनाउने, महिलालाई आम्दानीको अवसर दिने र रैथाने कृषि बाली उत्पादनको संरक्षण तथा सम्वद्र्धनमा उल्लेखनीय योगदान पुऱ्याउने अपेक्षा गरिएको नगरपालिकाले जनाएको छ ।रासस

# भिरमहको उत्पादन घट्यो



**म्याग्दी ।**
म्याग्दीमा यस वर्ष भिरमह उत्पादन घटेको छ । विगतको तुलनामा ७५ प्रतिशत कम मह उत्पादन भएको मह सिकारीहरुले बताएका छन् ।

अन्नपूर्ण गाउँपालिका–५ स्वाँतका मह सिकारी लोकबहादुर पाइजाले अघिल्लो वर्ष एक हजार लिटर मह निकालिएकोमा यसपाली २०० लिटर मात्र मह उत्पादन भएको बताउनुभयो । पाइजाको टोलीले स्वाँत गाउँ नजिकै रहेको छहरीभिर र छिसको टाउकोमा दुई दिन मह सिकार गरेका थिए ।

हिउँदको खडेरी र मह निकाल्ने समयमा भएको बर्सातका कारण मौरी चरन क्षेत्रमा जान नपाउँदा गोलाको मह खाएकाले उत्पादन कम भएको पाइजाले बताउनुभयो । म्याग्दीको अन्नपूर्ण, रघुगङ्गा र धौलागिरि गाउँपालिकाको लेकाली क्षेत्रमा भिरपहरामा जेठ महिनामा मह सिकार गर्ने चलन छ ।

वसन्त र शरद् ऋतु मह सिकारका लागि उपयुक्त समय मानिन्छ । वसन्त ऋतुमा बेँसी र शरद्मा लेकमा पुगेर भिरमह निकाल्न उपयुक्त समय हो । गत वर्ष दुई हजार लिटर मह निकालेको धौलागिरि गाउँपालिका–२ खोरीयाका मह सिकारी मोतीप्रसाद पाइजाको टोलीले यस वर्ष ५०० लिटर मात्र निकालेको छ ।

धौलागिरिको गुर्जा, मुदी, रघुगङ्गाको चिमखोला, कुइनेमङ्गले, अन्नपूर्णको हिस्तानमा रहेका भिरमा मह सिकार गर्न गएका सिकारी टोलीहरुले पनि मह उत्पादन घटेको बताएका छन् । खोल्साको नजिकैको ओसेपिलो ठाउँको अक्करे पहाडको बीच भागमा भिरमौरीको वासस्थान हुन्छ । वनजङ्गलमा फुल्ने फूल भिरमौरीको आहरा हो । हिउँदमा न्यानो खोज्दै बेँसी झर्ने भिरमौरी गर्मी बढ्न थालेसँगै माथिल्लो क्षेत्रमा बसाइँसराइ गर्छन् ।

डोरीको सहायताले डरलाग्दो भिरमा झुन्डिएर निकालिने भिरमह प्रतिलिटर रु तीन हजारदेखि रु तीन हजार ५०० का दरले भिरमह बिक्री हुने गर्छ । स्वादिलो, स्वास्थ्यका लागि हितकर र शक्तिवद्र्धक मानिने भिरमह धार्मिक कार्यका लागि पनि प्रयोग हुुन्छ ।

विदेश गएका र सहरमा बस्नेहरुले भिरमह कोसेलीका रुपमा लैजाने गर्छन् । भिरमा भिरमौरीले लगाएका गोला काट्नका लागि मह सिकारी डोरी (पराङ) मा झुन्डिएर मह सिकार गर्ने गर्दछन् । मह निकाल्नका लागि भिरको माथिल्लो भाग र तल्लो भागमा दुई समूहमा सिकारी बाँडिएका हुन्छन् । एक समूहले भिरको माथिबाट तल भुइँसम्म डोरी (स्थानीय भाषामा परङ) झुन्ड्याउँछन् भने भिरको तलपट्टी रहेको अर्को समूहले मह थाप्ने र स्याहार्ने गर्दछन् ।

महको चाका वरिपरि मौरी घेरिएर बसेका हुन्छन् । धुवाँ लगाइदिए पछि मौरी भाग्छन् । त्यतिबेला मह निकाल्न विशेष ध्यान पु¥याउनुपर्छ । जब परङमार्फत गएका सिकारीले गोलामा धुवाँ झोस्न सुरु गर्छन् मौरीले टोक्ने डरले वरपरका सबै सिकारी रूख र ओडारमा लुक्छन् ।

मौरी अन्यत्रै भागेपछि मात्र उनीहरुलाई बाहिर आएर मह निकाल्न सजिलो हुने गर्छ । मुख्य सिकारीले हतियार प्रयोग गरी निकालेको महको भाँडालाई डोरीको सहायताले भुइँसम्म ल्याउने गरिन्छ । रासस

# प्रभावकारी बन्दै ‘एक घर, एक धारा’ जडान अभियान

**तनहुँ ।**
तनहुं र नवलपुर जिल्ला गरी ३० हजार ८२४ घरधुरीमा ‘एक घर, एक धारा’ जडान गरिएको छ । नवलपुरमा २७ हजार ६२४ र तनहुँमा तीन हजार २०० घरधुरीमा धारा जडान गरेको हो ।

गण्डकी प्रदेश सरकारको ‘एक घर, एक धारा’ अभियान प्रभावकारी बन्दै गएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले जनाएको छ । घर घरमा पानीका धारा जडान भएपछि नागरिकलाई खानेपानीका लागि सहज भएको प्रमुख एवं सिनियर डिभिजन इञ्जिनियर शम्भुराज खनालले जानकारी दिए ।

उनले भने, ‘चालु आर्थिक वर्ष मात्रै दुई जिल्लामा गरी चार हजार ५०० घरधुरीमा ‘एक घर, एक धारा’ अन्तर्गत खानेपानी सेवा पु¥याइएको छ ।’ गण्डकी प्रदेश सरकारको ‘एक घर, एक धारा’ अभियान सुरु हुनुअगावै नवलपुर जिल्लामा कार्यक्रम अघि बढाएका कारण तनहुँको तुलनामा धेरै घरधुरीमा पानी वितरण भएको हो ।

‘समुदाय नै खानेपानीबाट वञ्चित हुनुपरेको छैन, लामो दूरीमा रहेका एकाध दुई घरमध्ये खानेपानी सुविधा पुराइएको छ”, उहाँले भन्नुभयो, “थोरै घरपरिवारका लागि धेरै लगानी गर्नुपर्ने भएकाले त्यस्ता क्षेत्रका काम अघि बढाइएको छैन् ।’

त्यसैगरी खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयबाट तनहुं र नवलपुर गरी दुई जिल्लाका पचपन्न वटा खानेपानी उपभोक्ता संस्थालाई विद्युत् महसुलमा अनुदान रकम भुक्तानी गरेको छ । आव २०८०/२०८१ को जेठ महिनादेखि आव २०८१/८२ को पुससम्म रु ५५ लाख ३८ हजार ९०० रकम वितरण गरेको हो ।

यस वर्षको माघ महिनादेखि वैशाखसम्मको महसुल भुक्तानी गर्नेछ भने जेठ र असार दुई महिनाको आगामी वर्षमा भुक्तानी गरिने सो कार्यालयले जनाएको छ ।रासस

# विद्युत् पहुँच नभएका डोल्पाका पाँच पालिकामा सोलार वितरण

**सुर्खेत**
विद्युत् पहुँच नभएका डोल्पाका पाँच पालिकाभित्र स्थानीयवासीलाई सोलार (सौर्य ऊर्जा) वितरण सुरु गरिएको छ । खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय, डोल्पामा प्रमुख प्रकाश गिरीका अनुसार ७०५ घरधुरीलाई सोलार वितरणको काम सुरु भएको छ । छार्कातांङसोङ गाउँपालिकाको छ वटा वडाहरुमा रु ६६ लाख आर्थिक सहयोगमा ३५० घरधुरीलाई सोलार वितरणको काम सुरु भएको छ ।

त्यस्तै काइके गाउँपालिकाको दलित बस्ती रहेको वनढाडामा रु २० लाखको ७५ घरधुरीलाई सोलार वितरणको काम समेत भइरहेको प्रमुख गिरीले बताउनुभयो । डोल्पोबुद्ध गाउँपालिका–६ मा रु २५ लाख लागततमा ८० घरधुरीलाई सोलार वितरणको कार्य सुरु गरिएको छ । उपल्लो डोल्पाकै शे फोक्सुण्डो गाउँपालिका–१ मा रु २० लाखमा ४५ घरधुरीलाई सोलार वितरणको काम भएको उनले जानकारी दिए ।

ठूलीभेरी नगरपालिका–११ स्थित गाउँमा स्थानीयवासी र कार्यालयको साझेदारीमा रु ३० लाखमा १५५ घरधुरीलाई सोलार वितरणको काम अन्तिम चरणमा पुगेको छ । विद्युत्को पहुँच नपुगेका कर्णालीका जिल्लाहरुमा विद्युत्को पहुँच विस्तार गर्ने कार्यक्रमअन्तर्गत सोलार वितरण गरिएको छ । रासस

# जनप्रतिनिधिको गैरजिम्मेवारीप्रति जनकपुरका युवाको आक्रोश



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
एक सचेत, जिम्मेवार र निर्भीक नागरिकको हैसियतले जनकपुरधामका युवा दीपु ठाकुरले जनप्रतिनिधिको प्रतिबद्धता विफलता, सार्वजनिक सम्पत्तिको दुरुपयोग, भ्रष्ट आचरण र असंवेदनशील व्यवहारको विरोध गर्दै सामाजिक सञ्जालमार्फत आक्रोश व्यक्त गरेका छन् । 'गलत, भ्रष्टविरुद्ध मलाई बोल्न दे सरकार' भन्दै उनले लेखेको सन्देशमा जनप्रतिनिधिको पद, शक्ति र सौजन्यको दुरुपयोगप्रति आपत्ति जनाएका हुन् । ठाकुरले जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहलाई लक्षित गर्दै उनको २२ बुँदे चुनावी प्रतिबद्धतामा प्रमुखरूपमा उल्लेख गरिएको फोहोरमैला व्यवस्थापनसम्बन्धी योजना आजसम्म कार्यान्वयनमा नआएको आरोप लगाएका छन् । 'फोहोर व्यवस्थापनमा सुधारको घोषणा गर्दै जित्नुभो, तर आजसम्म जनताको आँखा सामु परिणाम छैन,' उनको भनाइ छ । उनले थपे, 'वाचा पूरा नगर्ने जनप्रतिनिधिलाई संविधानको भाषामा 'भ्रष्ट' भनिन्छ ।' दीपुले सामाजिक उत्तरदायित्वमा आधारित लेखन र प्रतिक्रिया दिएको कारण आफूले दुर्व्यवहार, धम्की र गालीगलौजको सामना गर्नुपरेकोसमेत बताए । 'हामीले दासत्व स्वीकार गरेका छैनौं । सत्यको पक्षमा उभिनु पागलपन हो भने हामी त्यो पागलपनमा गौरव गर्छौं,' उनले भने । उनले थपे, 'सत्ता, जवानी र पदको म्याद हुन्छ, आज गफ हाँक्नेहरू एक दिन लंका पतिहरू जस्तै राख भएर उड्नेछन् ।' २५ लाख रुपैयाँ खर्च गरेर आयोजित 'मधेश टुरिज्म समिट' को पनि उनले आलोचना गरेका छन् । उनका अनुसार जनकपुरका सडक, चौक र गल्लीहरू अझै दुर्गन्धित छन् । पशु सडकमा डुलिरहेका छन् । फुटपाथ व्यापारीकरणमा बदलिएको छ । 'फुटपाथ कब्जा गरेर रकम असुल हुँदैछ । तर, गफ मधेश टुरिज्मको गरिन्छ' भन्दै उनले सार्वजनिक कार्यक्रमको तामझाम र यथार्थको फरक प्रस्ट पारेका छन् । ठाकुरले लेखेका छन्, 'सहीको प्रशंसा र गलतको विरोध नै मानवताको चिनारी हो । हामी दास होइनौं । परिवर्तनको आकांक्षा राख्ने नागरिकमाथि गरिएको दुर्व्यवहार केवल विचारको मात्र हत्या नभई जनताको आवाजको हत्या हो ।' उनले पूर्वमेयर लालकिशोर साहको कार्यशैलीको पनि प्रशंसा गर्दै भने, 'हुन त उनको पनि आलोचना भयो । तर, सकेजति उनले जनकपुरलाई सफा बनाउने प्रयास गरे ।' पूर्वमेयर साह गठबन्धन गरेर स्थानीय तहको निर्वाचनमा प्रतिस्पर्धा गरे पनि जनकपुरधामको दीर्घकालीन तथा वैज्ञानिक ढंगको फोहोर व्यवस्थापन गर्न नसकेको कारण दोस्रोपटक जनताले उनलाई मत नदिएर अस्वीकार गरे । अघिल्लो आठ वर्षको अवधिमा करिब आठ करोड रुपैयाँ खर्च भइसकेको अवस्थामा पनि जनकपुरधामको सरसफाइ र फोहर व्यवस्थापन प्रभावकारी रूपमा गर्न स्थानीय सरकार पूर्णतः असफल भएको ठाकुरको दाबी छ । उनले भने, 'यही कारणले गर्दा धार्मिक, सांस्कृतिक तथा पर्यटकीय शहर जनकपुरधाममा आउने पर्यटकहरूमा नकारात्मक धारणा सिर्जना भइरहेको छ । यसले केवल शहरको प्रतिष्ठामा आघात पुर्याएको छैन, भविष्यको पर्यटन सम्भावनामा समेत गम्भीर असर पारेको छ ।' ठाकुरले भने, 'यदि म गलत छु भने जनकपुरबासीबाट न्याय माग्छु । यदि तपाईंहरू दासत्व स्वीकार गर्नुहुन्न भने हामीसँगै आवाज उठाउनुहोस् ।'

# स्वास्थ्य कार्यालय सर्लाहीमा अख्तियारको छापा




**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको स्वास्थ्य कार्यालयमा दुई वर्षयता सञ्चालन भएका योजना, निर्माण कार्य र बजेटमा अनियमितताको आशंकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासको टोलीले शुक्रबार छापा मारेको छ । आयोगको टोलीले दिउँसोदेखि बेलुकी ६ बजेसम्म कार्यालयको सम्पूर्ण गतिविधिमा निगरानी राख्दै महत्त्वपूर्ण कागजात र फाइलहरू नियन्त्रणमा लिएको हो । आयोगका स्रोतअनुसार टोलीले विशेष गरी आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा सञ्चालित सबै योजना, कार्यक्रम र भौतिक निर्माणसम्बन्धी कागजातहरु कब्जामा लिएको छ । २०८०/८१ मा स्वास्थ्य कार्यालय सर्लाहीले बर्थिङ सेन्टर निर्माण र खोप कार्यक्रम सञ्चालनका लागि करिब ३६ करोड रुपैयाँ बजेट खर्च गरेको थियो । चालु आर्थिक वर्ष २०८१/८२ मा पनि कार्यालयले १६ करोड ५१ लाख रुपैयाँभन्दा बढीको बजेट सञ्चालन गरेको छ । दुई वर्षको अन्तरालमा जम्मा ५२ करोड ५१ लाख ८२ हजार रुपैयाँभन्दा बढीको रकम खर्च भएको तथ्याङ्क छ । तर, यस अवधिमा भएको खर्चमा गम्भीर हिनामिना र अनियमितता भएको उजुरीपछि अख्तियारले सिधै कार्यालयमै छापा मारेको हो । स्रोतका अनुसार मुख्यतया बर्थिङ सेन्टर निर्माणमा व्यापक अनियमितता देखिएको आशंका गरिएको छ । विशेष गरी कन्टिजेन्सी शीर्षक अन्तर्गत आएको करिब डेढ करोड रुपैयाँको खर्चमा समेत अनियमितता देखिएको र त्यससम्बन्धी फाइलहरू पनि आयोगले नियन्त्रणमा लिएको बताइएको छ । अख्तियारको टोलीले दैनिक हाजिरी रजिष्टर पनि जाँचबुझ गरी आफ्नो कब्जामा लिएको छ । स्थायी कर्मचारीबाहेक करार र दैनिक ज्यालादारीमा नियुक्त कर्मचारीको विषयमा समेत गहन सोधपुछ गरिएको छ । स्रोतका अनुसार करार नियुक्तिमा समेत राजनीतिक चलखेल भएको शंका गरिएको छ । त्यससम्बन्धी नियुक्ति फाइल, स्वीकृति प्रक्रिया, हाजिरी विवरणहरू आयोगले जफत गरेर अनुसन्धान अघि बढाएको हो । छापा मार्ने क्रममा अख्तियार टोलीले कार्यालयका अधिकांश कर्मचारीसँग विवरण मागेको र कतिपयले मौखिक बयानसमेत दिएका छन् । यससम्बन्धी विस्तृत अनुसन्धानपछि मात्र वास्तविक अनियमितताको मात्रा र जिम्मेवार व्यक्तिहरूको पहिचान हुने अख्तियार स्रोतको भनाइ छ ।

# नेपालमा भ्रष्टाचार र लुटपाटको अन्त्य नगरेसम्म सङ्घर्ष रोकिने छैनः आजपा अध्यक्ष

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले वर्तमान राजनीतिक व्यवस्थामा लुटेरा र भ्रष्ट शासकहरूको नेतृत्वमा बस्नुभन्दा समाजका शोषित, पीडित र अधिकारविहीन वर्गका सिपाही बन्नेमा गर्व लागेको बताएका छन् । शनिबार काठमाडौँ कोटेश्वरमा सम्पन्न आजपा निकट आम सम्पर्क मञ्च केन्द्रीय कमिटीको बैठकलाई सम्बोधन गर्दै उनले भने, 'म जुन पार्टीमा थिए, त्यहाँ राम्रै पदमा थिएँ तर आम जनताले अधिकार पाएको छैन । भ्रष्टाचारीहरूको राज चलेको छ । त्यसैले आम जनताको वास्तविक अधिकार सुनिश्चित गर्न आजपा गठन गरेको हुँ ।' साहले नेपालका दुई वर्ग




रहेको उल्लेख गर्दै भने, 'एक त वर्गले देशलाई समृद्ध बनाउन श्रम गरिरहेको छ ।
अर्को वर्ग भने लुटपाट गर्दै विदेशमा सम्पत्ति जम्मा गरिरहेको छ ।' उनले नेपालमा रहेको 'भगौडा वर्ग' को शासन व्यवस्था विरुद्ध सङ्घर्ष जारी राख्नुपर्ने जोड दिए । 'नेपालमा तीन तहको सरकार छ, जुन विश्वमा कहीँ छैन । तर, यहाँ करमाथि कर र करको कर उठाएर जनतालाई लुटपाट गरिन्छ,' उनले कटाक्ष गरे । साहले अहिलेको शासन प्रणालीमा आम जनताको पहुँच नहुँदा भ्रष्टाचार र कर आतंक फैलिएर जनजीवन कष्टकर भएको भन्दै सरकारको मनोमानी र कर आतंक विरुद्ध एकजुट भएर लड्नुपर्ने आव्हान गरे । 'सरकारले जनतालाई सताइरहेको कर र मनोमानी विरुद्ध संघर्ष गर्नु हाम्रो कर्तव्य हो,' उनले भने ।
काँग्रेस र कम्युनिस्टहरूलाई आम जनतालाई धोका दिएको आरोप लगाउँदै साहले भने, 'म गठबन्धनको टिकट त्यागेर स्वतन्त्र उम्मेदवार बनेँ, किनभने जनताको हित त्यहीँ छ ।' आगामी दिनहरूमा आजपाले भ्रष्ट शासन र लुटपाटको अन्त्य गरी आम जनताको अधिकार र सहभागिताको सुनिश्चितताका लागि निरन्तर संघर्ष गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# प्रेस काउन्सिल सदस्य नियुक्तिप्रति प्रेस जनमत संघको आपत्ति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सञ्चारक्षेत्रको नियमनकारी निकाय प्रेस काउन्सिल नेपालका सदस्यहरूको नियुक्तिमा एकल जातीय मानसिकता देखिएको भन्दै प्रेस जनमत संघले विरोध जनाएको छ ।

शनिबार जारी विज्ञप्तिमा जनमत पार्टी निकट पत्रकारहरूको संस्था प्रेस जनमत संघले काउन्सिल सदस्य नियुक्तिमा विभेद र मनपरी गरिएको आरोप लगाएको छ । संघले गणतन्त्र, संघीयता र समावेशिताको मुल मन्त्रलाई अन्धकारमा पार्नेगरी काउन्सिल नेतृत्वमा एउटै समुदायका व्यक्तिहरू मात्र नियुक्त गर्नु संघीयता र समावेशिताको अपमान भएको ठहर गरेको छ । संघका सचिव ललन मण्डलले सरकारी निकायलाई सबै पक्षले अपनाउन सक्ने गरी समावेशी बनाउनु पर्नेमा एकल जातीय सोचका कारण विधिसम्मत प्रक्रियामा खलल पुगेको भन्दै राज्य सञ्चालनप्रति असन्तुष्टि देखिएको भनेका छन् । विज्ञप्तिमा नेपाली पत्रकारितामा मधेश र मधेशी समुदायको छुट्टै पहिचान रहेको पनि स्मरण गराइएको छ । नेपाल सरकारले केही दिनअगाडि सञ्चारमन्त्रीको प्रस्तावमा ६ सदस्य प्रेस काउन्सिलमा नियुक्त गरेको थियो । नेपाली काँग्रेस निकट नेपाल प्रेस युनियनबाट बालकृष्ण अधिकारी, पद्मराज जोशी र नकुल अर्याल तथा नेकपा एमाले निकट प्रेस चौतारीबाट भीमलाल श्रेष्ठ, निमा काफ्ले र शान्तराम बिडारी सदस्यमा नियुक्त भएका थिए । प्रेस जनमत संघले आगामी दिनमा समावेशी, विविधतामूलक र पारदर्शी नियुक्ति प्रक्रियाको माग गर्दै संवैधानिक आदर्श अनुरूप सञ्चार क्षेत्रको विकासमा जोड दिन आग्रह गरेको छ ।

# अत्यधिक गर्मीका कारण वीरगंजका विद्यालय थप ६ दिन बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**
पछिल्लो केही दिनदेखि पर्सा जिल्लामा अत्यधिक गर्मी बढ्दै गएपछि वीरगंज महानगरपालिकाले नगरभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू आइतबार जेठ ३१ गतेदेखि शुक्रबार असार ६ गतेसम्म थप ६ दिन बन्द गर्ने निर्णय गरेको छ । यो छुट्टी वर्षे सट्टे विदाबाट मिलान गरिने जनाइएको छ । महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेले हस्ताक्षर गरेको सूचनामा गर्मीका कारण विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भएकाले अस्थायी रूपमा पठनपाठन स्थगन गरिएको उल्लेख छ । सूचनामा भनिएको छ, '२०८२ असार १ गतेदेखि असार ६ गतेसम्म वीरगंज महानगर अन्तर्गतका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा पठनपाठन स्थगित गरिएको छ । यस अवधिमा विद्यालय प्रशासन भने सुचारु रहने छ ।' वीरगंज र आसपासको क्षेत्रको तापक्रम हाल ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ । चिकित्सकहरूले पनि यस्तो मौसममा स–साना बालबालिकालाई घरमै राख्न सुझाव दिएका छन् । गर्मीजन्य रोगको जोखिम बढेपछि वीरगंज महानगरपालिकाले यस्तो निर्णय लिएको हो । स्थानीय अभिभावक तथा शिक्षकहरूले नगरपालिकाको निर्णयको स्वागत गरेका छन् । सावधानी स्वरूप अभिभावकहरूलाई पनि बालबालिकालाई बाहिरी तापबाट जोगाउने उपायहरू अवलम्बन गर्न स्वास्थ्यकर्मीहरूले अनुरोध गरेका छन् ।

# पर्सा राष्ट्रिय निकुञ्जमा मानव शरीरका टुक्रा फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा राष्ट्रिय निकुञ्जअन्तर्गत पर्सागढी नगरपालिका–१ को जंगलभित्र अज्ञात व्यक्तिको शरीरका विभिन्न अङ्गहरू फेला परेका छन् ।
ईलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका अनुसार भालु खोला फारलाइन नजिकै जनावरलाई पानी खुवाउन बनाइएको खाल्डोमा एक खुट्टा र दुई हात भेटिएका छन् । ती स्थानबाट करिब ३०० मिटर टाढा एक टाउकोको अस्थिपञ्जर पनि फेला परेको प्रहरीले जनाएको छ । घटनास्थलमा भेटिएको सामग्रीहरूमा पुरुषले लगाउने निलो जिन्स पाइन्ट र सेतो रंगको फुल बाहुला सर्ट पनि समावेश छन् । प्रहरीको प्रारम्भिक अनुसन्धानले ती शरीरका अङ्गहरू पुरानै भएको र लामो समय अघिदेखि त्यहाँ रहेको सम्भावना देखाएको छ ।
प्रहरीले फेला परेका अवशेष तथा कपडाहरूलाई नियन्त्रणमा लिई पोष्टमार्टम तथा पहिचान प्रक्रियाका लागि नारायणी अस्पताल, वीरगंज पठाएको छ । हालसम्म मृतकको पहिचान खुल्न सकेको छैन भने उनलाई चिन्ने व्यक्तिबारे पनि कुनै जानकारी प्राप्त नभएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय पर्साले मृतकको पहिचानका लागि सार्वजनिक अपिल जारी गर्दै कसैलाई जानकारी भएमा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको छ । प्रहरीका अनुसार घटनाबारे थप अनुसन्धान जारी छ । प्रारम्भिक रूपमा घटनाको कारण र संलग्नताको बारेमा केही भन्न सकिने अवस्था नभएको पनि प्रहरीले जनाएको छ ।

# वीरगंजमा अब जिल्ला प्रशासन कार्यालयबाट राष्ट्रिय परिचयपत्र सेवा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाबाट सञ्चालित राष्ट्रिय परिचयपत्र विवरण दर्ता सेवाप्रति लगातार जनगुनासो आएपछि अब उक्त सेवा वीरगंजस्थित जिल्ला प्रशासन कार्यालयबाट नै प्रदान गरिने भएको छ । गृह मन्त्रालय अन्तर्गतको पर्सा जिल्ला प्रशासन कार्यालयले एक सूचना जारी गर्दै वीरगंज महानगरपालिकामा सञ्चालनमा रहेका दुई वटा राष्ट्रिय परिचयपत्र स्टेशनहरू असार १ गतेदेखि सोझै जिप्रका कार्यालयमा स्थानान्तरण गरिने जानकारी दिएको छ । प्रशासकीय अधिकृत दीपक कुमार पटेलद्वारा हस्ताक्षरित सार्वजनिक सूचनामा भनिएको छ, 'सेवा प्रभावकारी हुन नसकेको गुनासोहरू निरन्तर प्राप्त भएकाले व्यवस्थित र प्रभावकारी ढंगले सेवा प्रवाह गर्न उक्त सेवा जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिनेछ ।' यस निर्णयसँगै अब नागरिकले वीरगंज महानगरपालिकाको सट्टा सिधै जिल्ला प्रशासन कार्यालयमा गएर राष्ट्रिय परिचयपत्र बनाउने, विवरण दर्ता गर्ने, सुधार गर्ने लगायतका सेवा लिन सक्नेछन् । स्थानान्तरण भएको सेवा सम्बन्धमा विस्तृत जानकारीका लागि नागरिकले जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्न सक्नेछन् ।

# १ हजार ८७२ व्यवसायीलाई नापतौल कार्यालयको कारबाही

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित गुणस्तर तथा नापतौल कार्यालयले चालु आर्थिक वर्षको १० महिनामा ८८१ वटा व्यवसायिक तथा औद्योगिक प्रतिष्ठानलाई नयाँ नापतौल यन्त्र र अनुमतिपत्र प्रदान गरेको छ । अनुमतिपत्र नलिई नापतौल यन्त्रको प्रयोग गरेका एक हजार ८७२ जना व्यवसायीलाई कारबाही गरेको छ । उनीहरूले आफूखुसी ढक तथा तराजु र 'डिजिटल' नापतौल यन्त्रको प्रयोग गरेका थिए । उनीहरूलाई कारबाही गरेर कानुनको दायरामा ल्याइएको कार्यालय प्रमुख सुनील यादवले बताए । दश महिनामा दुई हजार ३७२ जना व्यवसायीको नापतौल यन्त्रको जाँच गरेको तथा सर्लाही, महोत्तरी एवम् रामेछापमा नापतौल यन्त्रको प्रयोग, नापतौल जरिवाना तथा कानुनी कारबाही सम्बन्धी जानकारी गराइएको छ । सो अवधिमा ४१ लाख १२ हजार ८४० राजस्व सङ्कलन भएको उनले जानकारी दिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन